म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २४ बुधबार ६ भदौ २०८० ने. सं. ११४३ गुलाथ्व 23 August 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## रातोमाटेबाट अवैध कपडा बरामद

हेटौंडा, ५ भदौ/जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा उपमहानगरपालिका-१५ स्थित रातोमाटे चेकपोष्टबाट मंगलबार अवैध कपडा बरामद गरेको छ ।

प्रहरीले ४० हजार रुपैयाँ बराबरको कपडा बरामद गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरीनायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । डिएसपी कार्कीका अनुसार वीरगंजबाट हेटौंडातर्फ आउँदै गरेको बा ४ ख २१९१ नम्बरको यात्रु बाहक बसलाई जाँच गर्ने क्रममा बसको पछाडि डिक्कीमा लुकाएर राखेको अवस्थामा ४० हजार मूल्य बराबरको कपडा बरामद गरेको हो । बरामद कपडाको बारेमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ ।

# बागमतीमा मन्त्रालय १२ पुग्यो, सपथको ९४ दिनपछि मन्त्रीलाई जिम्मेवारी

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/बागमती प्रदेशमा मन्त्रीको सपथ लिएको ९४ दिनपछि नेपाली कांग्रेसका सांसद रामकृष्ण चित्रकारलाई विभागीय जिम्मेवारी तोकिएको छ ।

मंगलबार अपरान्ह बसेको बागमती प्रदेशको मन्त्रीपरिषद् बैठकले नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका उपनेता चित्रकारलाई मन्त्रालयको जिम्मेवारी दिने निर्णय गरेको छ । चित्रकारले ७ पुस २०८० मा मन्त्रीको सपथ लिएका थिए । उनलाई हप्ता दिनभित्र जिम्मेवारी तोकिने विश्वास दिलाएर मन्त्रीको पद तथा गोपनीयताको सपथ गराइएको थियो । तर, उनी लामो समयदेखि हेटौंडा-२, स्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा एउटा कोठामा थिए । पुसमा नेपाली कांग्रेसले मन्त्रीको आकांक्षी धेरै भएको बहानामा नाम नदिएपछि सरकार अपूर्ण बनेको थियो । सरकारलाई पूर्णता दिन पनि मुख्यमन्त्री शालिकराम जम्कट्टेलले चित्रकारलाई विनाविभागीय मन्त्रीको सपथ गराएका थिए ।



साझाकुरासँग यसअघि चित्रकारले ६८ दिनदेखि आफू खरिदार कर्मचारी जस्तो मुख्यमन्त्री कार्यालयमा थन्काइएको भन्दै राजीनामा दिने तयारी गरेको बताएका थिए । उनको राजीनामा दिने चेतावनीपछि मुख्यमन्त्री जम्कट्टेलले उद्योग, वाणिज्य तथा भूमि मन्त्रालय दिने गरी सहमति गराएका थिए । चित्रकारलाई मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले प्रशासन पनि थपे गरेर उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको जिम्मेवारी दिने निर्णय गरेको सरकारका प्रवक्ता आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले जानकारी दिए । चित्रकारको मन्त्रालयलाई चौथो वरियतामा राखिएको छ ।

चित्रकारलाई नयाँ मन्त्रालयको जिम्मेवारी दिएपछि बागमतीमा अब मन्त्रालय संख्या १२ पुगेको छ । निवर्तमान मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले ८ बाट १४ वटा मन्त्रालय बनाएपछि प्रदेशसभाको दोस्रो कार्यकालमा पहिलो मुख्यमन्त्री बनेका जम्कट्टेलले माघमा मन्त्रालय संख्या ११ वटामा झारेका थिए । कार्यदल गठन गरेर अध्ययनपछि ११ वटा मन्त्रालय बनाएको साढे २ सय दिन नबित्दै बागमतीमा मन्त्रालय संख्या थपिएको हो ।

बागमतीमा अब मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, खानेपानी, उर्जा तथा सिंचाइ मन्त्रालय, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, श्रम, रोजगार तथा यातायात मन्त्रालय, सामाजिक विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालय रहने सरकारका प्रवक्ता कानुनमन्त्री श्रेष्ठले जानकारी दिए ।

मुख्यमन्त्री जम्कट्टेलले २६ पुस २०७९ मा मुख्यमन्त्रीको कार्यभार सम्हाल्दै पहिलो निर्णय नै मन्त्रालय संख्या घटाउने उद्देश्यले बागमतीका तत्कालीन प्रमुख सचिव मुकुन्दप्रसाद निरौलाको संयोजकत्वमा पाँच सदस्य कार्यदल गठन गरेका थिए । त्यसको १५ दिनपछि कार्यदलको प्रतिवेदन बुझ्दै जम्कट्टेलले आफ्नो कार्यकालमा मन्त्रालय संख्या नथप्ने र राज्यमन्त्री नियुक्त नगर्ने अडान लिएका थिए । तर, उनको अडान कार्यदल गठन भएको मितिले २ सय २५ दिन आइपुग्दासम्म टिक्न सकेन । प्रदेशको आन्तरिक स्रोत खुम्चिँदा बजेट ८ अर्ब घट्नु र मुलुकमा देखिएको आर्थिक मन्दीका बाबजुद मन्त्रालय घटाउनुपर्नेमा जम्कट्टेलले मन्त्रालय थपेका हुन् ।

बागमतीको गठबन्धनमा भागबण्डाको लफडाले मुख्यमन्त्री सम्हालेदेखि नै समस्यामा पर्दै आएका जम्कट्टेलले कार्यदल गठन गर्दै ९ वटासम्म मन्त्रालय बनाउन चाहेका थिए । तर, गठबन्धनमा भागबण्डा नपुग्ने भएपछि उनी ११ वटासम्म बनाउन सहमत भएका थिए । बागमतीमा नेकपा (माओवादी केन्द्र), नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी)को गठबन्धन सरकार छ ।

यसैगरी, मंगलबार बसेको मन्त्रीपरिषद् बैठकले ११ वटा निर्णय गरेको छ । चित्रकारलाई उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको जिम्मेवारी दिने, बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० स्वीकृत गर्ने, 'प्रदेश आन्तरिक पर्यटन काजसम्बन्धी मापदण्ड, २०८०' स्वीकृत गर्ने, सिन्धुपाल्चोकको बलेफी गाउँपालिकाको वडा संख्या तथा सीमाना हेरफेरका लागि नेपाल सरकारमा पठाउने, प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक प्रदेशसभामा पेश गर्ने स्वीकृति सम्बन्ध, 'प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक' प्रदेशसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा निर्णय गरेको प्रवक्ता श्रेष्ठले बताए ।

यसैगरी, 'ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुको लागि निःशुल्क हवाईउद्धार सेवासम्बन्धी कार्यविधि, २०८०' स्वीकृति सम्बन्धमा, प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने, प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक प्रदेशसभामा पेश गर्न स्वीकृति प्रदान सम्बन्धमा, प्रदेश विपद् व्यवस्थापन परिचालन कोष कार्यविधि स्वीकृत, विज्ञान, प्रविधि, नवप्रवर्द्धन तथा विकास कोष सञ्चालन विधेयक प्रदेशसभामा पेश गर्न स्वीकृति दिने निर्णय मन्त्रीपरिषद्ले गरेको मन्त्री श्रेष्ठले जानकारी दिएका छन् ।

# हेटौंडा-भरतपुर-बर्दघाट प्रसारण लाइन उद्घाटन



साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/हेटौंडा-भरतपुर-बर्दघाट २२० केभी डबल सर्किट प्रसारण लाइन सुचारु भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले हेटौंडा-भरतपुर-बर्दघाट प्रसारण लाइनको उद्घाटन गरेसँगै विद्युत प्रवाह सुचारु गरिएको नेपाल विद्युत प्राधिकरणले जानकारी दिएको छ ।

प्रधानमन्त्री प्रचण्डले नयाँ भरतपुर २२०/१३२ किलोभोल्ट (केभी) सबस्टेसनको मंगलबार उद्घाटन गरेका थिए । नयाँ भरतपुरसँगै हेटौंडा-भरतपुर-बर्दघाट प्रसारणको पनि एकैसाथ उद्घाटन गरिएको हो । चितवनको भरतपुर महानगरपालिका-११ आँपटारीमा मर्स्याङ्दी करिडोर २२० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत निर्माण गरिएको 'ग्याँस इन्सुलेटेड सबस्टेसन (जिआईएस)' प्रविधिमा आधारित सबस्टेसनको उद्घाटन गरेका हुन् ।

हेटौंडा-भरतपुर-बर्दघाट २२० केभी प्रसारण लाइनको लम्बाइ करिब १४७ किलोमिटर छ । एक हजार मेगावाटसम्म विद्युत् प्रवाह गर्न सक्ने प्रसारण लाइनलाई हेटौंडा-भरतपुर र भरतपुर-बर्दघाट दुई खण्डमा विभाजन गरी निर्माण गरिएको थियो । मकवानपुरको हेटौडा उपमहानगरपालिका चौकीटोल स्थित पुरानो हेटौंडा सबस्टेसनबाट नयाँ भरतपुर सबस्टेसनसम्मको २२० केभी डबल सर्किट प्रसारण लाइनको एउटा सर्किटलाई १३२ केभीमा चार्ज गरिएको छ । दोस्रो खण्डअन्तर्गत नयाँ भरतपुर सबस्टेसनबाट सुरु भई नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)को बर्दघाट सबस्टेसमा अन्त्य हुने ७४ किलोमिटर २२० केभी डबल सर्किट प्रसारण लाइनलाई हाल १३२ केभीमा सञ्चालन ल्याइएको छ ।

नयाँ भरतपुर सबस्टेसन परिसरमा आयोजित उद्घाटनका क्रममा प्रधानमन्त्री प्रचण्डले नयाँ भरतपुर सबस्टेसन र हेटौंडा-भरतपुर-बर्दघाट प्रसारण लाइन पूर्व-पश्चिम विद्युत् आपूर्तिका लागि रणनीतिक महत्वको रहेको बताए । प्रधानमन्त्री प्रचण्डले देशभित्र उत्पादित विद्युत् यहीं खपत गरी नागरिकको जीवनस्तरमा सुधार गर्न तथा विकासमा तिब्रता दिन र अतिरित्त भएको विद्युत् निर्यात गरी अर्थतन्त्रलाई समृद्ध बनाउने गरी काम भइरहेको उल्लेख गरेका छन् । प्रधानमन्त्रीले जलविद्युत तथा प्रसारण लाइन आयोजना निर्माणमा रहेको रुख कटान र जग्गा अधिग्रहणको समस्या मौज्जुदा कानुनको संसोधन र नयाँ कानुनको निर्माण गरी सम्बोधन गरिने बताए ।

नेपाल सरकार तथा नेपाल विद्युत प्राधिकरणको लगानी र युरोपेली लगानी बैंक (इआइबी)को सहुलितपूर्ण ऋणमा सबस्टेसन र सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलितपूर्ण ऋणमा हेटौंडा-भरतपुर-बर्दघाट २२० केभी प्रसारण लाइन निर्माण गरिएको हो । सबस्टेसनको लागत १ अर्ब ५२ करोड र प्रसारण लाइनको लागत ५ अर्ब ९४ करोड रुपैयाँ रहेको छ । ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री शक्तिबहादुर बस्नेतले विद्युत् खपत बढाउन र आपूर्तिलाई गुणात्मक रुपमा सुधारका लागि प्रसारण तथा वितरण प्रणाली सुधार र अतिरिक्त भएको विद्युत् निर्यातका लागि अन्तरदेशीय प्रसारण लाइन निर्माण भइरहेको बताए ।

प्रसारण लाइनको क्षमता सुदृढीकरण, नेपालको एकीकृत विद्युत् प्रणाली विश्वसनीय बनाउन पश्चिम क्षेत्रमा निर्माण हुने जलविद्युत आयोजनाको विद्युत् प्रवाहका लागि हेटौंडा-भरतपुर-बर्दघाट प्रसारण लाइन निर्माण गरिएको हो । नेपाल सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलितपूर्ण ऋणमा आयोजना सुरु गरिएको थियो । प्रसारण लाइन निर्माणमा स्थानीयको अवरोध, जग्गा प्राप्तिमा समस्या, वन क्षेत्रको जग्गा प्रयोग तथा रुख कटानमा भएको ढिलाइ, ठेकेदार कम्पनीको कमजोर कार्यसम्पादन लगायतका कारणले आयोजनाको निर्माण प्रभावित भएको थियो ।

हेटौंडा-भरतपुर खण्ड निर्माणका लागि २०६५ फागुनमा ठेक्का सम्झौता भएको थियो । तर, काम नगरी रणनीतिक महत्वको प्रसारण लाइनको काम अलपत्र पारेपछि प्राधिकरणले उक्त ठेक्का तोडी नयाँ टेण्डर गरेको थियो । २०७७ जेठमा नयाँ ठेक्का सम्झौता गरी बाँकी काम गराइएको थियो ।

भरतपुर-बर्दघाट प्रसारण लाइनको लम्बाइ ७४ किलोमिटर प्रसारण निर्माणका लागि २०६७ कात्तिकमा ठेक्का सम्झौता भएको थियो ।

# मातृशिशु उपचारकक्ष निर्माणमा उपमहानगरको ८० लाख




साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/वर्षदिन अघिबाट हेटौंडामा मातृशिशु सेवा सञ्चालनका लागि तयारी थालेको हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ बाट प्रक्रिया अघि बढाएको छ ।

स्थानीय तहले स्वस्थ्य क्षेत्रमा सेवाप्रवाह गरी नगरवासीलाई सर्वसुलभ स्वास्थ्यसेवा उपलब्ध गराउने उद्देश्य अनुसार उपमहानगरले मंगलबार हेटौंडा अस्पताल व्यवस्थापन तथा विकास समितिसँग मातृशिशुसेवा सञ्चालनका लागि भवन निर्माणका लागि सम्झांता गरेको छ । चालु आर्थिक बर्षबाटै प्रभावकारी सेवा दिने लक्ष्य अनुसार उपमहानगरले अस्पतालको नयाँ भवनको माथिल्लो तल्लामा मातृशिशु उपचारकक्ष निर्माण गर्ने औपचारिक सम्झौता गरेको उपमहानगरका नगरप्रमुख मीनाकुमारी लामाले जानकारी दिएकी छन् ।

नगरप्रमुख लामा, उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत शिवराज चौंलागाईको उपस्थितिमा हेटौंडा अस्पताल व्यवस्थापन तथा विकास समितिका अध्यक्ष राजेश प्रसाईं र उपमहानगर पालिकाको पूर्वाधार विकास महाशाखा प्रमुख सत्यनारायण साहबीच सम्झौतापत्रमा हस्ताक्षर भएको छ । सम्झौताअनुसार उपहानगरले अस्पताल विकास समितिलाई ८० लाख रुपैयाँ दिने भएको छ । सम्झौताअनुसार उपचारकक्ष भवन निर्माण अस्पताल विकास समितिले बोलपत्र आवहान गरी गर्नेछ । निर्मित संरचनामा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको शिक्षण एवम् अभ्यास कक्षको रुपमा समेत प्रयोग हुने सम्झौतामा उल्लेख छ ।

तीन किस्तामा जाने रकमबाट अस्पताल व्यवस्थापनले ठेक्कामार्फत् आउँदो चैतसम्ममा उपचारकक्षका लागि भवन निर्माण सम्पन्न गर्ने लक्ष्यसहित निर्माण कार्य अघि बढाईने अस्पताल व्यवस्थापन समिति अध्यक्ष राजेश प्रसाईंले बताए । उनले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमार्फत् हेटौंडा अस्पताल सञ्चालन भएपश्चात स्वास्थसेवा प्रवाहमा सुधार हुँदै गएको र सेवा लिनेहरुको संख्या अघिल्लो बर्षहरुको तुलनामा दोब्बर भन्दा बढीले स्वास्थ्यसेवा लिएको बताए ।

अस्पताल र उपमहारको उपचारकक्ष निर्माण सम्झौता कार्यक्रममा हेटौंडा उपमहानगरका विभिन्न वडाहरुका अध्यक्षहरु, अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेण्ट डाक्टर हरिबहादुर खड्का, विकास समितिका सदस्य उत्सव चौलागाईसहितको उपस्थिति रहेको थियो । कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका नगरप्रमुख लामाले व्यवस्थित अस्पताल सञ्चालन गर्नसके उपचारका लागि बाहिर जिल्लासम्म जानुपर्ने अवस्थाको अन्त्य हुने बताइन् । उनले उपमहानगरले लिएको नीति तथा कार्यक्रममा उल्लेख भए अनुसार हेटौंडामा मात्रृशिशु (प्रसुति) अस्पताल सञ्चालन गर्न पहिलो चरणको काम सुरु गरेको बताइन् ।

# बजारका होटल, मिठाई पसलमा अस्वस्थकर खानेकुरा

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/हेटौंडा बजारमा रहेको आधादर्जन मिठाई पसलमा फोहोर खानेकुरा बेच्ने गरेको पाइएको छ ।

हेटौंडा-४ कान्तिराजपथ स्थित चन्दन स्विट्स एण्ड बेकरी सहित हेटौंडा-२ संगमचोकस्थित मोहन मिठाई पसल सहित हेटौंडा-१ मा रहेको चुनियाँ थकाली होटेल र अन्नपूर्ण भोजनालय, हेटौंडा-२ स्थित जनप्रिय भोजनालय र ओसिन रेस्ट हाउस, हेटौंडा-१० स्थित जयशम्भु मिष्ठान्न भण्डार, हेटौंडा-१० को राजधानी स्वीट्स, हेटौंडा-१० कै न्यू स्वीट एण्ड चाट हाउस, हेटौंडा-१ को श्रेष्ठ होटल, हेटौंडा-१ को समोसा हाउस, हेटौंडा-१ कै युनिक स्वीट एन्ड चाट हाउस र हेटौंडा-२ स्थित लोकप्रिय भोजनालयमा फोहोर अस्वस्थकर खाने कुरा बिक्री वितरण गरिएको पाइएको हो ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, हेटौंडाको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय, मकवानपुर, हेटौंडा उपमहानगरपालिका र जिल्ला प्रहरी कार्यालय, मकवानपुरको सहकार्यमा सोमबार गरिको अनुगमना क्रममा ६ वटा मिठाई पसल र होटलमा फोहोर अस्वस्थकर खाने कुरा बिक्री वितरण गरिएको पाइएको हो ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, हेटौंडाकी सूचना अधिकारी प्रगति अधिकारीले जनाएअनुसार सोमबार गरिएको अनुगमनको क्रममा अत्यधिक फोहोर गरी खाद्यपदार्थको अस्वस्थकर उत्पादन, भण्डारण र बिक्री वितरण गरेको पाइएका हो ।

उनले पसलहरुमा सार्वजनिक सूचना टाँस गरिएको र अर्को सूचना नभएसम्म खाद्यपदार्थको उत्पादन तथा बिक्री रोक्का गरिएको समेत बताइन् ।

जसमा दुईवटा मिठाइ पसलमा जनस्वास्थ्यलाई असर पुग्ने गरी खानेकुरा उत्पादन भएको परीक्षणले देखिएपछि उत्पादन तथा विक्रीमा रोक लगाइको र हेटौंडा-१ स्थित चुनियाँ थकाली होटेल र अन्नपूर्ण भोजनालय, हेटौंडा-२ स्थित जनप्रिय भोजनालय र ओसिन रेस्ट हाउसमा सरसफाई तथा खाद्यपदार्थको भण्डारणलाई व्यवस्थित गर्न निर्देशन दिइएको जनाइएको छ ।

खाद्य प्रविधिले भदौ ३ गते आइतरबार हेटौंडा बजारको ७ वटा होटल, रेस्टुरेन्ट तथा मिष्ठान्न भण्डारमा अनुगमन गर्दा हेटौंडा-१० स्थित जयशम्भु मिष्ठान्न भण्डारमा स्वास्थ्यको दृष्टिकोणले असर पर्ने गरी उत्पादन तथा बिक्री भएको पाइएको थियो । त्यसैगरी हेटौंडा-१० को राजधानी स्वीट्स, हेटौंडा-१० कै न्यू स्वीट एण्ड चाट हाउस, हेटौंडा-१ को श्रेष्ठ होटल, हेटौंडा-१ को समोसा हाउस, हेटौंडा-१ कै युनिक स्वीट एन्ड चाट हाउस र हेटौंडा-२ स्थित लोकप्रिय भोजनालयमा सरसफाई र भण्डारण सुधारका लागि निर्देशन दिईएको सूचना अधिकारी प्रगति अधिकारीले बताइन् ।

## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# महत्वाकांक्षी श्रमनीति

बागमती प्रदेश सरकारले सोमबार प्रदेश श्रम तथा रोजगार नीति-२०८० सार्वजनिक गरेको छ । मौलिक हकको कार्यान्वयन, दीगो विकास लक्ष्य हासिल गर्दै उच्चआयस्तर भएको मुलुकमा स्तरोन्नती हुन र श्रम तथा रोजगारको क्षेत्रमा गुणात्मक सुधारको आवश्यकता पहिल्याउँदै प्रदेशले नीति ल्याएको दाबी गरिएको छ । तर, प्रदेश सरकारले श्रम तथा रोजगार नीति ल्याईरहँदा यसको कार्यान्वयन र अपेक्षाकृत उपलब्धीमाथि नै प्रश्न उठ्ने देखिन्छ । कार्यकर्तामुखी बजेट, कमिशनको गोलचक्करले श्रम तथा रोजगार नीति कार्यान्वयमै प्रमुख चुनौती छ । उत्पादनमा आधारित भनिए पनि कार्यकर्ता लक्षित अनुदान रकम वितरण, घरेलु उद्यमलाई वेवास्था, व्यवसायिक सुरक्षाको अभावले श्रम तथा रोजगार नीतिले लिएको अपेक्षाकृत उपलब्धी हासिलमै चुनौती छ । यतिबेला दैनिक २ हजार युवा रोजगारीको अवसर खोज्दै खाडी मुलुक धाइरहेका छन् ।

पाखोबारी बन्धकी राखेर खाडी मुलुक जानु उनीहरुको रहर पक्कै होइन, बाध्यता नै हो । हाम्रो समाजले श्रम गर्नेलाई सम्मानजनक ब्यवहार गर्न छोडेको छ । सरकारले बनाएको श्रमनीतिले हाम्रो समाजमा युवालाई छुन सक्ने हो वा होइन त्यो हेर्न बाँकी नै छ । प्रदेशको श्रम तथा रोजगार नीतिले काम गर्न सक्ने उमेर समूहका व्यक्तिलाई लक्षित गरी रोजगारमूलक कार्यक्रम, स्थानीय स्रोतसाधान र परम्परागत प्रविधिलाई स्तरोन्नती गरी उत्पादकत्वमा वृद्धि गर्ने, अनौपचारिक क्षेत्रका श्रमिकलाई औपचारिकीकरण गर्ने, रोजगार तथा स्वरोजगारमूलक कदम तथा पेसा व्यवसायको प्रवर्द्धन गर्ने लक्ष्य लिइएको छ । प्रदेश सरकारले रोजगारीमूलक कार्यक्रमहरु पूर्वाधार निर्माणका परियोजनासँग आवद्ध गर्ने, श्रम बजारको आवश्यकता बमोजिमको दक्षतायुक्त जनशक्ति उत्पादन गर्ने, प्राविधिक जनशक्तिको विकास गर्ने, तालिम प्रदायक संस्थाहरुको स्थापना र सुदृढिकरण गर्नेलगायतका नीति लिएको छ । सरकारको श्रम तथा रोजगार नीतिमा उल्लेख भएका विषयवस्तुले श्रम बजारमा जति उत्साह दिन्छ त्यति नै सरकारको प्राथमिकता र विगतका कार्यान्वयनको अवस्थालाई नियाल्दा निराश पनि बनाउँछ । हरेक सरकारले श्रम तथा रोजगारलाई प्राथमिकता दिएर बजेट निर्माण गरेका छैनन् । कृषि र शिक्षामा प्राथमिकतामा दिइएको भनिएको बजेट सडक, पुलमै थुप्रिने गरेका छन् । त्यो पनि शक्तिशाली नेताका जिल्लामा बजेटको चाङ लागेको आरोप छ । श्रम तथा रोजगारको क्षेत्रमा प्राथमिकताका साथ बजेट नै बिनियोजन नभएको अवस्थामा यस नीतिले लिएको लक्ष्य हासिल हुनेमा शंका रहेको श्रमिकहरु नै बताउँछन् ।

हेटौंडा औद्योगिक क्षेत्रसहित प्रदेशभित्र रहेका औद्योगिक क्षेत्रहरुमा रहेका श्रमिकहरुले नियमित तलब नपाइरहेको, श्रमशोषण भइरहेको गुनासा बग्रेल्ती छन् । श्रमिकलाई नियमित तलब दिलाउन नसकेको, श्रमशोषणको निरुत्साहनमा नलागेको सरकारले श्रम तथा रोजगार नीति कसरी कार्यान्वयन गर्छ ? भन्ने प्रश्न अगाडि आएको छ । प्रदेश सरकारसँग दीर्घकालीन जनशक्ति विकास योजना नहुनु, तुलानात्मक लाभ तथा प्रतिस्पर्धात्मक क्षमताका क्षेत्रहरुको पहिचान हुन नसक्नु, आधुनिक सूचना प्रणालीसहितको श्रम बजारको समुचित विकास हुन नसक्नु, उत्पादनमूलक उद्योगप्रतिको आकर्षण घट्दै जानुलाई सरकारले समस्या र चुनौतीको रुपमा लिएको छ । सरकारले श्रम तथा रोजगार नीतिको प्रभावकारी कार्यान्वयन नहुनुलाई ठूलो समस्यामा लिएको छ । यसले पनि सरकारको श्रम तथा रोजगार नीति कार्यान्वयन हुनेमा शंका पैदा गरेको छ । सरकारको नेतृत्व गरेका राजनीतिज्ञ र कर्मचारीतन्त्रले महत्वको विषय नसम्झिनुले श्रम तथा रोजगार नीति कार्यान्वयनमा समस्या र यसको लक्ष्य हासिल हुन नसकेको विगतले देखाउँछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० भदौ ७ गते बिहीबार २४ अगष्ट २०२३ । अष्ठमी, श्रावण कृष्णपक्ष । गुलात्थ्व ११४३ ने.सं. । सूर्योदय ५:३९, सूर्यास्त ६:३२ । गौरापर्व (सम्बन्धित क्षेत्रमा) । यलपञ्चदान । गोरखकाली पूजा । अष्टमी ब्रत

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : राजनीतिमा सफलता मिल्नेछ | तुला | : राम्रो अवसर गुम्नेछ |
| वृष | : काममा विलम्ब हुनेछ | वृश्चिक | : खर्च र दु:ख बढ्नेछ |
| मिथुन | : मनोकांक्षा सिद्धि हुनेछ | धनु | : वस्त्र-भोजन प्राप्त हुनेछ |
| कर्कट | : गरेको कार्यमा सफलता मिल्नेछ | मकर | : योजना कार्यान्वयन हुनेछ |
| सिंह | : नयाँ कार्ययोजना बन्नेछ | कुम्भ | : घर परिवारमा मेलमिलाप हुनेछ |
| कन्या | : आकस्मिक लाभ हुनेछ | मीन | : मनमा शङ्का बढ्नेछ |

# ग्रामीण पर्यटन विकासमा हाम्रा कठिनाइ



✍ हुमराज भुसाल

नेपालका हरेक ग्रामीण बस्ती कला, भाषा, संस्कृति र वेशभूषामा अनेकता भएकाले ग्रामीण क्षेत्र पर्यटन उद्योगको विकासको सम्भावना अत्यधिक छ । पर्यटनका माध्यबाटै आर्थिक क्रान्ति गर्न सकिनेमा कुनै शंका छैन । यसै माध्यबाट आर्थिक समृद्धि सरल तथा सहज रूपमा हासिल हुन सक्छ । त्यसका लागि आवश्यक पर्ने वित्त व्यवस्थापन पनि ग्रामीण क्षेत्रबाटै गर्न सकिने आधार प्रशस्त छन् ।

विश्वमा पर्यटनको इतिहासमा अठारौं शताब्दीलाई पर्यटनको सुनौलो युग मानिन्छ । विशेष गरी सन् १९४३ देखि १९७३ सम्मको ३० वर्षको अवधिमा यात्राका क्षेत्रमा उल्लेखनीय प्रगति भएको देखिन्छ ।

नेपालमा भने प्राचीनकालमा व्यापारिक उद्देश्यले पर्यटनको विकास हुन थालेको कौटिल्यको अर्थशास्त्रमा उल्लेख छ । चिनियाँ नागरिकहरूले भारतमा आफ्ना उत्पादन बिक्री गर्न नेपालको बाटो भएर भारत जाने कुरा कौटिल्यले गरेका छन् । नेपालको पर्यटन क्षेत्र त्यो समयदेखि चलेको भए पनि पर्याप्त विकास नभएको र ग्रामीण पर्यटनले कुनै नीतिगत तथा कार्यगत प्रक्रियामा प्राथमिकता नपाएको सहजै अनुमान लगाउन सकिन्छ ।

तर आज समय फेरिएको छ । जसले गर्दा ग्रामीण पर्यटनले प्राथमिकता पाउँदै गएको छ । देशका थुप्रै ठाउँमा नमुना ग्रामीण बस्ती निर्माण तथा सञ्चालन भएका छन् । यो सकारात्मक कार्य हो । ग्रामीण क्षेत्रको गरिबी निवारण गर्न र नेपाली अर्थतन्त्रमा ग्रामीण पर्यटनलाई बढवा दिने योजना बनाइएको थियो । तर विडम्बना तत्कालीन समयमा नै देशमा राजनीतिक अस्थिरताले सोचे अनुसारको उपलब्धि भएन ।

ग्रामीण बस्तीले भरिएको देश भएकाले यहाँको आर्थिक विकासको सशक्त माध्यम ग्रामीण पर्यटन हो । यहाँ गगनचुम्बी चुचुराहरू, सांस्कृतिक र धार्मिक संयोजनको कारण विश्वका विभिन्न मुलुकहरूबाट बढ्दो मात्रामा पर्यटकहरू आकर्षित तवरले आउने गर्छन् । विश्वको सर्वोच्च शिखर सगरमाथादेखि सन् २०१६ का लागि उत्कृष्ट प्रमुख गन्तव्य पनि ग्रामीण क्षेत्रमै पर्छ ।

नेपाल आउने पर्यटक विशेषत: हिमशिखरको आरोहण गर्न, मानसिक शान्ति प्राप्त गर्न, विश्व शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल अवलोकन गर्न, एकसिङे गैंडाका बारेमा अध्ययन गर्न तथा विभिन्न कला संस्कृति, धार्मिक सांस्कृतिक स्थलका बारेमा बुझ्न, जैविक विविधताको बारेमा अध्ययन गर्न, जातजातिका बारेमा अध्ययन अनुसन्धानका लागि मुख्य रूपमा आउने गर्छन् ।

ग्रामीण पर्यटनमा अन्तर्राष्ट्रिय पर्यटक या आन्तरिक पर्यटक पर्दछन् । तर यिनले ग्रामीण क्षेत्रको भ्रमण गरी कम्तीमा एक रात बिताएकै हुनु पर्दछ । ग्रामीण समुदायको रहनसहन एवं त्यहाँको भौगोलिक वातावरणको परिचय दिने खालका योजना बनाएर यसतर्फ पर्यटकलाई आकृष्ट गर्न सकिन्छ । सबै गाउँ क्षेत्रले सबै आकर्षण दिन नसके पनि विविध ग्रामीण वातावरणले विविध कार्यक्रम दिई पर्यटकको गन्तव्य स्थल बन्न सक्छ ।

नेपालका ग्रामीण क्षेत्रले तिनको भौगोलिक अवस्थिति एवं ऐतिहासिक पृष्ठभूमि अनुसारका सांस्कृतिक र प्राकृतिक दुवैखाले आकर्षण दिन सक्छन् । त्यहाँ पर्यटकहरूले पिकनिक, क्याम्पिङ, माछा पार्ने, पौडी खेल्ने, चरा हेर्ने, प्याराग्लाडिङ, छोटाछोटा दूरीका पदयात्रा, प्राकृतिक दृश्यावलोकन, ऐतिहासिक स्थलको भ्रमण, चाडपर्व र मेलापर्व जस्ता विभिन्न क्रियाकलापमा आफूलाई सहभागी गराउन पाउँछन् ।

वास्तवमा ग्रामीण क्षेत्रमा जाने पर्यटक लामो समय बस्दैनन् । छोटै अवधिको भए पनि यसले ग्रामीण अर्थतन्त्रमा टेवा पुर्‍याउँछ । ढुवानीको समस्याले अलपत्र परी अनावश्यक रूपमा खपत हुने खाद्यान्न, सागसब्जी, फलफूल वा दुग्ध पदार्थको खपतमा वृद्धि हुन गई ग्रामीण समुदायले उत्पादन गरेका वस्तुको उचित मूल्य प्राप्त गर्ने यो एक सरल उपाय हो । यसका अतिरिक्त अल्प रोजगारी भएको ग्रामीण क्षेत्रमा नयाँ अवसर पनि खुल्छ ।

ग्रामीण क्षेत्रका जनसंख्याको मुख्य रोजगारी कृषिलाई पनि प्रवर्द्धन गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहायता पुर्‍याउँछ । पर्यटन र यससँग सम्बन्धित क्रियाकलापले अर्थतन्त्रको विकासका लागि आवश्यक पर्ने अन्य पूर्वाधारको समेत विकास गर्न मद्दत गर्छ । ग्रामीण विकासका योजनाकारले पनि सहरका पाँचतारे होटलमा बसेर योजना बनाउँदा ग्रामीण क्षेत्रको विकास नहुने कुरा विकासवादी अर्थशास्त्रीले सन् १९९० देखि नै औंल्याउँदै आएका छन् ।

यसैबीच नेपालको ग्रामीण पर्यटन क्षेत्रसँग सरोकार राख्ने सर्म्पूण पूर्वाधारको विकास गर्नका पर्यटन मन्त्रालयबाट केही कदम चालिए पनि पर्याप्त नभएको कुरा सामाजिक अगुवाबाट नै बताउँदै आइएको छ । नेपालले आर्थिक अवस्थामा सुधार ल्याउन कम लगानी र सुनिश्चित तवरले उपलब्धिलाई संस्थागत गर्नसक्ने क्षेत्र भनेको नै ग्रामीण पर्यटन नै हो । यसको चौतर्फी विकास गर्न आवश्यक पर्ने जनशक्ति नेपाल आफैंले पूर्ति गर्न सक्छ ।

ग्रामीण विकास भनेको ग्रामीण क्षेत्रमा आर्थिक, सामाजिक बनावट मान्यताहरू अन्तर सम्बन्ध र प्रक्रियाको दूरगामी परिवर्तन हो । ग्रामीण पर्यटनको विकासले निम्न पक्षमा सकारात्मक परिवर्तन ल्याउँछ ।

क. ग्रामीण क्षेत्रमा रोजगारीका अवसरमा वृद्धि,
ख. स्थानीय कला, संस्कृतिको संरक्षण, संवर्धन हुने,
ग. सामाजिक, आर्थिक पूर्वाधारको विकास र विस्तार हुने,
घ. वैदेशिक मुद्राको आर्जन हुने,
ङ. नयाँ नयाँ प्रविधिको आदान प्रदान हुने,
च. मानिसहरूमा बढ्दै गएको व्यक्तिगत स्वार्थीपनामा कमी आउने,
छ. बढ्दो प्रतिभा पलायन तथा पुँजी पलायन केही हदसम्म रोकिने
ज. नयाँ नयाँ लगानीका अवसरको सिर्जना हुने,
झ. आय वितरणमा रहेको असमानतालाई कम गर्न सकिने,
ञ. स्थानीय तहमा रहेको वित्त अभावको समस्याको दीर्घकालीन समाधान गर्न सकिने ।

प्राकृतिक सौन्दर्य, अनुपम संस्कृति, अतुलनीय सांस्कृतिक सम्पदा र अनगन्ती विशिष्टतायुक्त पर्यटकीय स्थलहरूका कारणले नेपाल पर्यटनका लागि प्रमुख गन्तव्य रूपमा विश्वभर परिचित छ । नेपालको ग्रामीण क्षेत्रको पर्यटनमा प्रशस्त सम्भावनाहरू रहेका छन् । तिनको पहिचान गरी समयमै उचित तथा दीर्घकालीन योजना बनाई सफलतापूर्वक कार्यान्वयन गराउनबाट नेपाल सरकार तथा मातहतका कार्यालयहरू नचुकेको खण्डमा नेपाली ग्रामीण पर्यटनले नेपालीहरूको जीवनस्तरमा उल्लेख्य मात्रामा सकारात्मक परिवर्तन ल्याउनेछ । यो कुरालाई विकासवादी अर्थशास्त्रीहरूले प्रस्ट पारेका छन् । तर विडम्बना नेपाली राजनीतिक दलका नेताहरूले स्वदेशको विकासभन्दा विदेशी दाता मुलुकको हितलाई केन्द्रमा राखेर नेपाली युवा पुस्तालाई वैदेशिक रोजगारीमा पठाइरहेका छन् ।

नेपाली ग्रामीण इलाकाहरूलाई हरेक किसिमका पूर्वाधारबाट विकसित र सुविधा सम्पन्न राख्न सकेको अवस्थामा यस क्षेत्रले देशको अर्थतन्त्रमा सकारात्मक तथा दीर्घकालीन प्रभाव पार्न सक्छ । त्यसको प्रत्यक्ष फाइदा स्थानीय स्तरका बासिन्दालाई पर्दछ । यसले स्थानीयस्तरको कला संस्कृति, वेशभूषा संरक्षणमा सचेतना प्रदान गर्दछ । यसबाट महिला तथा पिछडिएका वर्गले समेत प्रत्यक्ष लाभ लिन सक्छन् ।

नेपालमा पर्यटन उद्योगको विकासका लागि ठूलो सम्भावना छ । नेपालमा आफ्नै किसिमको एक अनौठो र विलक्षण भौगोलिक विशेषता पाइन्छ । यस देशमा प्राचीन संस्कृति, कला र कौशलका अनुपम नमुना यत्रतत्र देख्न पाइन्छन् ।

नेपाल प्राकृतिक दृश्यले सुशोभित र मनोहर छ । विश्वका अन्य पर्यटकीय क्षेत्रका तुलनामा नेपालको पर्यटकीय क्षेत्र प्राकृतिक रूपमै सुन्दर छन् । तर तिनको उचित प्रचारप्रसार नहुँदा राज्यलाई बर्सेनि करोडौं रुपियाँको राजस्व घाटा भइराखेको छ भने वैदेशिक ऋणको भार थपिँदै गएको छ । सन् १७३७ को वर्ष नेपालमा युरोपियनहरू भ्रमणमा आएको इतिहास हाम्रासामु छ । तत्कालीन समयमा उनीहरूले नेपालको आर्थिक, सामाजिक, राजनीतिक, धार्मिक अवस्थाका बारेमा अध्ययन अनुसन्धान गर्नका लागि नेपालको भ्रमण गरेको पाइन्छ । नेपाली पर्यटन क्षेत्रको विकासमा १०४ वर्ष जहानियाँ शासन व्यवस्था सञ्चालन गरेका राणाहरूबाट कुनै कदम अगाडि नबढाइएको कुरालाई इतिहासले नै प्रमाणित गरि दिएको छ । त्यसपछि देशमा चलेको सशस्त्र द्वन्द्वले पर्यटन क्षेत्रलाई नराम्रोसँग प्रभावित पार्‍यो ।

वास्तवमा ग्रामीण पर्यटनलाई उकास्न त्यति सजिलो छैन । त्यहाँ व्याप्त अभाव वा असुविधालाई सम्झेर नै मानिस जाने मन गर्दैनन् । त्यसको लागि यातायात, आवास र खानेकुरा त मूलभूत रूपमै नभई नहुने कुरा हुन् । सुविधायुक्त आवास स्वादिष्ट खाना योजनालाई केही समयको लागि थाँती राखेर भए पनि यातायातको विकास भई नसकेको क्षेत्रमा छरिएर रहेका ग्रामीण क्षेत्रमा पदयात्राका रूपमा पर्यटकहरूलाई आकर्षित गर्न सकिन्छ । त्यहाँको आकर्षणहरूको व्यापक प्रचार प्रसार गर्न सके क्रमिक रूपमा आन्तरिक र अन्तर्राष्ट्रिय पर्यटक बढाउन सकिन्छ ।

पर्यटन क्षेत्रबाट नेपालमा सन् २०१८ सम्ममा करिब १ लाख ६० हजार मानिसले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रोजगारी पाएका थिए । तर कोभिड १९ का कारण यो क्षेत्र अहिलेसम्म पनि लयमा आउन सकेको छैन ।

ग्रामीण पर्यटकले विभिन्न प्रकारका घरेलु तथा साना उद्योगको विकासमा टेवा पुग्छ । त्यस्ता उद्योगबाट उत्पादित हस्तकलाका सामाग्रीहरू आन्तरिक तथा बाह्य पर्यटकहरूले खरिद गर्छन् । ग्रामीण गरिबी, असमानता, बेरोजगारी, प्राविधिक तथा आर्थिक पछौटेपन जस्ता समस्या समाधान गर्न यसले सहयोग गर्छ ।

(साभार: रातोपाटी)

# 'जान्नेलाई छान्ने' कि 'सबको साथ, सबैको विकास' !

✍ सरोज गौतम/दिव्येश गिरी

लेख सुरु गर्नु अगावै एउटा सामान्य दृश्यको परिकल्पना गरौं । एकै दिन काठमाडौं महानगरपालिका, स्वामीकार्तिक गाउँपालिका बाजुरा र यमुनामाई गाउँपालिका रौतहटमा तीन बच्चा जन्मिए भने तिनीहरूको आगामी १४ वर्ष कस्तो चल्छ होला ?

सम्भवत: जो बच्चा स्वामीकार्तिक गाउँपालिका बाजुरामा जन्म्यो उसले जन्मेको ३/४ वर्षपछि स्कुलको खोजीमा नजिकको स्कुल रोज्छ होला । संभवत: विन्दासैनी स्कुल स्वामीकार्तिकमा उसले भर्ना हुन पाउँछ । गाउँमै बसेर ऊसँग धेरै विद्यालय छनोट गरेर पढ्ने सुविधा हुँदैन ।

त्यसैगरी यमुनामाई गाउँपालिकामा जन्मेको बच्चा नजिकको जनता मावि सौराठामा भर्ना भएर आफ्नो अध्ययनलाई अगाडि बढाउँछ होला । यस्तै काठमाडौंमा जन्मेको बच्चासँग विद्यालय रोज्ने धेरै अवसर हुन्छन् । उसले नजिकैको सरकारी विद्यालयदेखि रातो बङ्गला स्कुलसम्म अध्ययन गर्ने अवसर प्राप्त गर्छ होला ।

मानिलिऔं, तीनै बच्चाले १६औं वर्षको जन्मदिन मनाउने समयमा यदि कसैले जान्नेलाई छान्ने भन्ने नारा लिएर तीन छनोट प्रक्रिया अगाडि बढायो भने कुन चाहिं छानिने सम्भावना धेरै हुन्छ होला ?

सम्भवत: रौतहट या बाजुरामा आफ्नो जीवनयापन चलाएको बच्चाभन्दा धेरै हिसाबले जान्नेलाई छान्ने भन्दा काठमाडौंमै जन्मेको बच्चा छानिने सम्भावना धेरै हुन्छ किनकि जान्नु या जान्ने बन्नु मान्छेको आफ्नै मात्र क्षमतामा भर पर्दैन । उसले हुर्कंदै गर्दा पाउने वातावरणको त्यसमा ठूलो भूमिका हुन्छ । मेरिट या योग्यता भन्ने आफैंमा नराम्रो शब्द या भाष्य होइन तर त्यो भाष्य मात्रै लागू गर्दा त्यसका पछाडि कस्ता कस्ता समस्या आउँछन् भन्ने कुरा गौर गर्न जरुरी छ ।

यहाँ केवल तीन फरक भूगोलमा प्राप्त हुने अवसरलाई एउटा सामान्य उदाहरणको रूपमा प्रस्तुत गरिएको हो । हाम्रोमा योभन्दा गहिरो विविधता छन् । जातीय, लिंगीय, क्षेत्रीय, भाषिक, सांस्कृतिक, वर्गीय लगायत धेरै प्रकारका उत्पीडन हाम्रो समाजमा विद्यमान छन् । यसरी विभिन्न पत्रपत्रमा विभाजन र विभेद विद्यमान रहेको समाजमा हामीले जान्नेलाई छान्ने भनेर मेरिटोक्रेसीको एकोहोरो रटान लगाइरहने हो भने यसले समाजको पिंधमा परेका वर्गलाई उत्थान गर्न त परै जाओस्, यसले तिमीहरू कमजोर नै हौ किनकि तिमीहरू जान्दैनौ भन्ने भावना सञ्चार गर्दछ ।

जान्नेलाई छान्ने भन्नुको अर्थ मेरिटको आधारमा कसैलाई पद या वर्चस्व कायम गर्न दिऊँ भन्ने अवधारणा हो । झट्ट हेर्दा यसलाई मेरिटोक्रेसीमा आधारित अवधारणाका रूपमा बुझिन्छ र यसको किन विरोध गर्नुपर्छ भन्ने धेरैलाई लाग्न सक्छ तर यस्ता अवधारणा हाम्रो समाजको विकासक्रम र विशेषतासँग मेल खान्छन् कि खाँदैनन् भन्ने विषय ख्याल नै नगरी हावाको भरमा पछाडि कुद्ने हो भने त्यसले थप समस्या निम्त्याउन सक्छ ।

केही अपवादलाई छाड्ने हो भने मेरिटका जम्माजम्मी दुई स्रोत हुन्छन्, एउटा- मान्छेको वंशाणुगत गुण र अर्को उसले हुर्किंदै जाँदा प्राप्त गर्ने वातावरण । यो बाहेक व्यक्ति आफैंले कुनै पनि विषयमा गरेको मिहिनेतको पक्कै हिस्सा रहन्छ नै तर आफ्नो क्षमताको हिस्सा बाहेक अन्य दुवै खालेको स्रोतमा जन्मिने व्यक्तिको खास भूमिका हुँदैन । वा भनौं यी दुवै उसको छनोटमा भर पर्दैन । यी दुवैभन्दा फरक कोहीले आफूलाई अब्बल सावित गर्नसक्छ भने त्यो अपवादको कुरा हो ।

जान्नेलाई छान्ने यो चुनावमा धेरै प्रयोग भएको नारा हो । रास्वपाले नाराको रूपमा यसलाई प्रयोग गर्‍यो । उसले अप्रत्याशित २१ सिट पनि सुरक्षित गर्‍यो र उसले भर्खरै मात्र पार्टीका विभिन्न विभागमा रहने सदस्यको लागि भिन्न भिन्न मापदण्डको अर्को प्रयोग गर्न खोज्दैछ । स्नातकोत्तर अनिवार्य जस्ता प्रावधान राखेर उसले आफ्ना विभागीय संरचनाको कल्पना गरेको छ । कतै अहिलेको टेक्नोक्रेटिक समयमा पपुलर आइडियाको पछाडि लाग्दै यस्तै यस्तै भाष्य निर्माण गर्दै जाने हो भने भर्खरै सकारात्मक विभेद जस्ता सबैलाई एकैसाथ अगाडि बढाउने भाष्य अलपत्र पर्छ । यसले न्यायिक समाज निर्माण मार्फत विविधता व्यवस्थापन गर्नुपर्ने हाम्रो देशमा थप अप्ठ्यारा सिर्जना हुन्छन् । किनकि अन्यायलाई समाजको गर्भमा छोपेर हामीले सभ्य र समृद्ध समाज निर्माण गर्न सक्दैनौं ।

जान्नेलाई छान्ने भन्नु गलत हो भन्नु आजको समयमा अप्रिय विचार प्रवाह गर्नु हो जुन प्रतिप्रवाह रोज्नु हो । तर कतिपय हाम्रा यस्ता भाष्यहरू हुन्छन् जसको विरुद्ध बोल्न या लेख्न अप्ठ्यारो मान्नुहुन्न । जान्नेलाई छान्ने आफैंमा मेरिटोक्रेसीको अवधारणा हो तर के यही विचारले मात्र हाम्रो समग्र समस्यालाई समाधान गर्छ त ?

**संरचनात्मक लाभांश र मेरिटोक्रेसीको बुझाइ**

विविधतापूर्ण हाम्रो सामाजिक संरचनाभित्र संरचनात्मक लाभांशको असमान वितरण भइरहेको छ । यसलाई सच्याउन नसक्दा असमानहरूबीचको समान प्रतिस्पर्धाले नै निरन्तरता पाउँछ जुन न्यायिक हुनै सक्दैन ।

अहिले शहरकेन्द्रित राजनीतिक डिस्कोर्स केन्द्रित विषय बनेको छ मेरिटोक्रेसीको बहस । यो बहसबाट बाहिरै छुटेका बहुसंख्यक जनसंख्याले यसप्रति स्वामित्व लिन सक्दैन । गाउँमा सफल आमा समूह र सामुदायिक वनको नेतृत्व गरिरहेका दिदीबहिनी यो बहसमा कहाँ छन् ? एउटा सामुदायिक वनको राम्रो संरक्षण हुन सक्दा त्यसले केवल समुदायलाई मात्र राम्रो गर्ने नभएर विश्वव्यापी जलवायु परिवर्तनको लडाइँ लड्न सहयोग पुर्‍याइरहेको हुन्छ ।

मिडियामा भाइरल नभएका उनीहरू अहिले भन्ने गरेको कथित योग्यताको भाष्यले नचिन्ने पंक्तिमा पर्छन् र यो जनसंख्या सानो छैन । उनीहरूले हिमाल, पहाड, तराई या दूरदराजको गाउँमा आ-आफ्नो काम कुशलतापूर्वक गरिरहेका छन् । संभवत: योग्यतातन्त्रको यस्तै सीमिततालाई देखेर हुनुपर्छ हार्वर्ड विश्वविद्यालयमा राजनीतिक दर्शनशास्त्रका अध्यापक प्राध्यापक माइकल स्यान्डलले एउटा पुस्तक 'दि टाईरेनी अफ मेरिट' मा यसका कैयौं सीमितताका बारेमा चर्चा गरेका छन् ।

'एकोहोरो मेरिटोक्रेसीको रटान भनेको एक त्रुटिपूर्ण प्रणाली हो जसले सामाजिक सम्मान, नागरिक संलग्नता र निष्पक्षतालाई कमजोर बनाउँछ', पुस्तकमा माइकलले भनेका छन् । उनले पुस्तकमा केही घतलाग्दा प्रसंग उल्लेख गरेका छन् ।

खेल मैदान सबैको लागि बराबर स्तरको छैन र समाजमा विकासको मापदण्डमा सबै खाले मानिसहरू एकै स्तरमा छैनन् भने एकोहोरो मेरिटोक्रेसीले केही व्यक्तिलाई मात्र पद, प्रतिष्ठाको योग्य मान्छ । सामूहिक भावनाको खण्डीकरण गर्ने र केही थोरै मान्छेलाई योग्य बनाउने प्रणालीले ठूलो संख्याका मान्छेहरूलाई बहिष्करणको अनुभूति गराउँछ । यसले आजको समयमा लोकतन्त्रको सही मर्मलाई प्रतिनिधित्व गर्न सक्दैन ।

**"जान्नेलाई छान्ने" कि "सबको साथ, सबैको विकास" !**

नेपाल र भारत लगायत दक्षिण एशियाली समाज जातीय, धार्मिक, सांस्कृतिक, भाषिक र आर्थिक हिसाबले विविधतापूर्ण छ । यो समाजको जटिलता के हो भने कुनै एउटा विषयलाई केन्द्रित गरेर योग्यताको मापन गर्ने हो भने सबै समुदाय या फरक-फरक पृष्ठभूमिलाई एकै खालको प्रतिस्पर्धामा ल्याउन सक्दैनौं । कम्तीमा अहिलेसम्म त्यो खालको 'कमन ग्राउन्ड' बनिसकेको छैन । सम्भवत: महात्मा गान्धीले पनि त्यतिबेलाको यस्तै समाज देखेकोले हुनुपर्छ, उनले मेरिटोक्रेसी वा जान्नेलाई छान्ने भन्दा सबैको साथ सबैको विकास भन्ने अभियान चलाउन धेरै रुचाएका थिए ।

महात्मा गान्धीको निधन भएको झण्डै ७५ वर्ष पुगेको छ । अंग्रेजको चङ्गुलबाट भारतलाई मुक्त गर्नको लागि शान्तिपूर्ण आन्दोलन गरेका गान्धीको कद भारतमा मात्रै हैन विश्वमा पनि उच्च छ । उनै गान्धीले आजभन्दा ८०/८५ वर्ष अगाडि एउटा आन्दोलन छेडेका थिए जसलाई सर्वोदय अभियान भनिन्छ ।

संस्कृत शब्द 'सर्वोदय' को नेपाली अर्थ हुन्छ- सबैको उन्नति, सबैको विकास । बेलायतमा कानुन पढेर अफ्रिकासम्म पुगेका उनले भारतमा अंग्रेजलाई भारत छोडो आन्दोलन मार्फत स्वदेश फर्काउन सके । उनले सम्भवत: आफ्नो जीवनकालका भोगाइबाट पाठ सिकेर नै सबको साथ सबको विकास भन्ने नारा अगाडि सारेका थिए । ग्राम पञ्चायतको रूपमा गाउँको शासनको वकालत गर्दा धेरै हदसम्म पछाडि पारेका समुदाय या मानिसहरूको उन्नतिको कुरा अगाडि सारेका थिए ।

कुनै बेला व्यक्तिगत प्रतिभा र प्रयासमा आधारित भएर अवसरहरू बाँडफाँट हुनुपर्छ भन्ने चुरो मान्यता रहेको मेरिटोक्रेसीको अवधारणाले विश्वव्यापी रूपमा आकर्षण प्राप्त गरेको थियो । यस्तै परिस्थिति अमेरिकामा पनि सन् १९५४ भन्दा अगाडि थियो । जब विभिन्न समाजको अध्ययन गर्ने समाजशास्त्रका अध्येता र राजनीतिको दर्शनमा काम गर्नेहरूले समाजमा एकसाथ सबै खाले जातजाति, वर्ण, भाषिक या धार्मिक समुदायको विकास समान हुँदैन भन्ने अवधारणा अगाडि सारे, तब यसलाई सच्याएर मेरिटोक्रेसी मात्र होइन सामाजिक न्यायमा आधारित प्रतिनिधित्व र अवसरको विषय बहसमा आयो ।

यसले सकारात्मक विभेद, सामाजिक न्याय, समानुपातिक अवसर जस्ता विषयलाई विश्व राजनीतिको केन्द्रमा लिएर आयो । त्यसैले अहिले संसारका सबै लोकतान्त्रिक देशहरूले सामाजिक न्यायका विषयलाई इग्नोर गरेर अगाडि जान सक्दैनन् । लोकतन्त्रको चुरो कुरा (मूल्य) भनेको धेरैभन्दा धेरै सहभागिता सुनिश्चित गर्दै त्यसलाई थप न्यायपूर्ण र मानवीय बनाउनु हो ।

(साभार: अनलाइनखबर)

# हट्यो अतिरिक्त सचिव राख्ने प्रस्ताव, सिंहदरबारमा तरंग

काठमाडौं/अन्तत: निजामती सेवामा 'अतिरिक्त सचिव' राख्ने प्रस्ताव अगाडि नबढ्ने भएको छ । संघीय निजामती सेवा ऐनको मस्यौदाबाट अतिरिक्त सचिव राख्ने प्रस्ताव हटाइएको छ । मन्त्रिपरिषदको विधायन समितिबाट लोकसेवा आयोगमा पुगेको विधेयकको मस्यौदामा निजामती सेवाको विशिष्ट श्रेणीमा दुई वटा मात्रै तह प्रस्ताव गरिएको हो ।

निजामती सेवामा राजपत्राकिंततर्फ तृतीय (शाखा अधिकृत), द्वितीय (उपसचिव), प्रथम (सहसचिव) र विशिष्ट (सचिव र मुख्यसचिव) श्रेणी छन् । यसअघि विधेयकको मस्यौदामा तृतीयदेखि प्रथम श्रेणीसम्म २-२ तह राख्ने र विशिष्ट श्रेणीमा अतिरिक्त सचिव (१३ औं तह), सचिव (१४ औं तह) र मुख्य सचिव (१५औं तह) गरी ३ तह राख्ने प्रस्ताव गरिएको थियो ।

तर, विधेयकको मस्यौदाबाट उक्त प्रस्ताव हटाएर विशिष्टतर्फ सचिव (१३ औं तह) र मुख्यसचिव (१४ औं तह) मात्र रहने व्यवस्था गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय स्रोतले जानकारी दिएको छ ।

तर सहसचिवमा भने ११ औं र १२ औं गरी दुई तह रहने प्रस्ताव मस्यौदामा यथावत छ । पहिले विधेयकको मस्यौदामा १३ औं तहमा अतिरिक्त (कनिष्ठ) सचिव रहने व्यवस्था हटाएर सचिव नै १३ औं तहको हुने र मुख्यसचिव १४ औं तहको हुने प्रस्ताव गरिएको छ ।

यसअघि संघीय सरकार अन्तर्गतका विभागका महानिर्देशक र दुई वटा सचिव रहने मन्त्रालयहरुमा अतिरिक्त सचिव राख्ने गरी यो पद सिर्जना गरिएको थियो ।




यो व्यवस्था कायम रहेको भए करिब ७० जना वरिष्ठ सहसचिव ऐन जारी हुनेवित्तिकै अतिरिक्त सचिव बन्ने थिए । संघीय निजामती ऐनमा आन्तरिक प्रतिस्पर्धाबाट सहसचिव बन्न नपाउने गरी व्यवस्था हुन लागेकाले अतिरिक्त सचिव पद राख्दा उपसचिव र शाखा अधिकृत तहका कर्मचारीलाई बढुवाको सम्भावना थियो ।

**उपसचिवहरू असन्तुष्ट**

तर, विशिष्ट श्रेणीबाट एक तह नै गायब भएपछि सिंहदर बारभित्र कर्मचारी तहमा यो विषयले निकै चर्चा पाएको छ । आफ्नो कार्यकाल लम्ब्याउन कनिष्ठ सहसचिवहरुले चलखेल गरेको हुनसक्ने आशंका गर्दै विभिन्न मन्त्रालयमा उपसचिवहरुले मन्त्री र सचिवहरुसँग छलफल थालेका छन् ।

सहसचिवमा आन्तरिक प्रतिस्पर्धा बन्देज लगाएर फाइल बढुवा मात्रै विकल्पका रुपमा राखिएको र एउटै श्रेणीभित्र पनि तह वृद्धि गर्न लामो समय लाग्ने व्यवस्था गर्न लागिएको अवस्थामा अतिरिक्त सचिवको अवधारणा हटाएर चलखेल गरिएको उनीहरुको आरोप छ ।

'सचिवलाई एक तहमा मात्रै सीमित राख्दा उपसचिवहरुले सहसचिव बन्न समेत फाइल बढुवा कुरिरहनुपर्ने हुन्छ', सामान्य प्रशासन मन्त्रालयका एक उपसचिव भन्छन्,'यो व्यवस्थाले हालका कनिष्ठ सहसचिवहरुले लामो समय सेवा अवधि पाउँछन् भने हालका वरिष्ठतम सहसचिवहरु पनि छिटै सेवाबाट विदा हुनुपर्छ ।' सहसचिवहरु सचिव बनेपछि ५ वर्षमै अनिवार्य अवकाशमा जानुपर्ने हुन्छ ।

संघीय निजामती सेवा विधेयकको मस्यौदामा संशोधित प्रस्ताव अनुसार सचिवको एक तह मात्रै कायम गर्दा कनिष्ठ सहचिवहरुले सहसचिव तथा सचिव पदमा पर्याप्त समय सेवा गर्न पाउने र त्यसले आफूहरुको वृत्ति विकासमा बाधा पर्ने भन्दै उपसचिवहरुले मन्त्रीहरुको ध्यानाकर्षण गराउने तय गरेका छन् ।

'प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयकै उपसचिवहरुले मुख्यसचिवलाई भेटेर यस्तो अन्यायपूर्ण व्यवस्था गरिए आन्दोलन गर्ने चेतावनी दिन लागेको सुनेका छौं', ती उपसचिवले भने ।

मुख्यसचिव पदलाई सम्मानका हिसाबले पनि एक तह बढी दिनुपर्ने भएकाले विशिष्ट श्रेणीतर्फ ३ तह नै कायम गरेर कर्मचारी व्यवस्थापन गर्नुपर्ने माग उपसचिवहरुको छ ।

'कर्मचारीको बढुवामा रहेको जाम खोल्न सहयोगी हुने तह हटाएर अन्याय गर्न खोजिएको छ', ती उपसचिव भन्छन्, 'आन्तरिक प्रतिस्पर्धा हटाइएको क्षतिपूर्ति समेत गर्नसक्ने तह कसले चलखेल गरेर हटाए भन्ने बुझ्न सकेका छैनौं ।'

**तह नहटाउँदा पनि पीडित !**

एक वरिष्ठतम सहसिचव भने लामो करियर भएका क्षमतावान सहसचिवहरुलाई निजामती सेवा ऐन लागु भएको ५ वर्षमै निजामती सेवाबाट विदा गर्ने अवस्था बन्ने भएकाले अतिरिक्त सचिवको प्रस्ताव हटाउन अत्यावश्यक नै रहेको बताउँछन् । विशिष्ट श्रेणीमा ५ वर्षको सेवा अवधि कायम राखेर अतिरिक्त सचिव पद सिर्जना गर्दा आफूहरु अन्यायमा पर्ने उनको भनाइ छ ।

'हामी अझै केही वर्ष सहसचिव नै रहेर पनि भविष्यमा ५ वर्ष नै सचिव बनेर विदा हुनेहरु धेरै जना छौं, हामी प्रतिस्पर्धाबाट सहसचिव बनेकाहरुलाई तत्काले विशिष्टमा बढुवा गरेर ५ वर्षभित्रै विदा गर्नेहरुले चाहिँ अतिरिक्त सचिव पद राख्न खोजेका हुन्,' ती सहसचिव भन्छन्,'कि अतिरिक्त सचिव पदमा सेवाअवधि तोक्न भएन, नत्र हाम्रो भविष्य नै वर्वाद हुने गरी तह सिर्जना गर्नु हुँदैन ।'

उनले सहसचिव पदबाटै अवकास हुन लागेकाहरूले पनि विशिष्ट श्रेणीमा पुगेर अवकास लिने गरी अतिरिक्त सचिव राख्न चलखेल गरेको केही सहसचिवहरूको आरोप छ ।

'अतिरिक्त सचिवको दर वन्दी सिर्जना गरेर ५ वर्ष पुगेका सीनियर सहसचिवलाई १३ तहमा पन्छाई मन्त्रालयको सचिव नै बन्न नदिएर ५ वर्ष अवधि लगाउँदै बिदा गर्ने र सचिव हुन नपाउने सबसचिवहरू सचिव हुने गरी षड्यन्त्र गरिएको थियो, ती सहसचिवले भने,'अहिलेको प्रस्तावले कसैलाई अन्याय पर्दैन ।'

सचिव नै हुन नपाउनेले सचिव हुन पाउने र सचिव पुरा अवधि खान पाउनेलाई सचिव हुन नदिने गरी चलखेल हुनु पनि जालझेल भएको उनको भनाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

# सलोन र केकीको 'जय हो'ले अष्ट्रेलियामा पायो ८७ शो

काठमाडौं/अभिनेता सलोन बस्नेत र अभिनेत्री केकी अधिकारी स्टारर फिल्म 'जय हो' यही शुक्रबारदेखि नेपालसँगै अष्ट्रेलियामा पनि एकसाथ प्रदर्शन हुँदैछ । नेपालका केही मल्टीप्लेक्सहरुले मंगलबारबाटै फिल्मको एडभान्स बुकिङ खुलाइसकेका छन् भने बाँकीमा बुधबार साँझसम्म शो बाँडफाँड हुनेछ । फिल्मको चर्चा र स्टारकास्टलाई मध्यनजर गर्दै मल्टीप्लेक्सहरुले सुखद शो बाँड्न सक्ने देखिन्छ ।




नेपालमा फिल्मले प्राप्त गर्ने शो यकिन नभैसकेको अवस्थामा अष्ट्रेलियामा भने ८७ शोसहित रिलिज हुने निश्चित भएको छ । नमस्ते इन्टरटेनमेन्ट (देव कार्की)ले अष्ट्रेलियाको न्यू साउथ वेल्स, क्वीन्सल्याण्ड, तास्मानिया, भिक्टोरिया, एडिलेड, पर्थ, डार्विन र क्यानबेर गरी ८ शहरका हलमा फिल्म प्रदर्शन गर्न लागेको हो । केही हप्ता अगाडि सलोन फिल्मको प्रचारका लागि अष्ट्रेलिया पुगेका थिए ।

टेक पौरखी राईको निर्देशनमा तयार भएको 'जय हो'मा माओत्से गुरुङ, निशा अधिकारी, अर्पण थापा, सुमिन गुरुङ, सुशान्त श्रेष्ठ, कुमार थिङ, सुबि मगरको पनि अभिनय रहेको छ । सलोन सलिना फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्मको निर्मातामा सुरज ल्वागन (सरकार) र राज के अधिकारी रहेका छन् । सौरभ लामाको छायांकन रहेको फिल्मको प्रस्तुतकर्तामा शोभित बस्नेत छन् ।

# अमेरिकामा 'गोल्डेन नेपाली फिल्म अवार्ड' हुने

काठमाडौं/हलिउड भूमि अमेरिकामा नेपाली फिल्मकर्मीहरुको मात्र होइन, नेपाली फिल्म अवार्डको पनि उपस्थिति बढ्दो छ । अघिल्लो हप्ता मात्र न्यूयोर्क शहरमा 'ग्लोबल नेपाली फिल्म अवार्ड' आयोजना भएको थियो । चाँडै अमेरिकामा नै 'नेटा अवार्ड'को नयाँ संस्करण हुँदैछ । अब आगामी सेप्टेम्बर (२०२४)मा अमेरिकाको क्यालिफोर्नियामा 'गोल्डेन नेपाली फिल्म अवार्ड' आयोजना हुने भएको छ ।




यतिबेला अमेरिकामा रहेका अभिनेताद्वय शिव श्रेष्ठ र सुनील थापाको सम्मानमा सोमबार आयोजित 'मिट-ग्रिट एन्ड विसेस् एक्सचेञ्ज म्यूजिक नाइट' नामक कार्यक्रममा उक्त अवार्डको घोषणा गरिएको हो । खेलाडी तथा व्यावसायी यज्ञलाल श्रेष्ठको कम्पनी गोल्डेन स्टेट मुभी मेकर्सले अवार्ड आयोजना गर्नेछ । अवार्डको जुरी टिममा शिव श्रेष्ठ, सुनील थापा, दीपाश्री निरौला र लक्ष्मण सुवेदी छन् ।

गोल्डेन अवार्डले नेपाली फिल्मको गुणस्तरिय विकास, अन्तर ाष्ट्रिय बजार प्रवर्द्धन, विस्तार तथा कलाकारको सम्मानमा नयाँ आयाम थप्ने श्रेष्ठको विश्वास छ । उनले अवार्ड व्यवस्थित र निष्पक्ष हुने दाबी गरेका छन् । 'हामी पूर्ण व्यवस्थित तथा निष्पक्ष तवरले अवार्ड गर्नेछौं,' यज्ञलाल भन्छन्, 'नेपाली फिल्म तथा कलाकारको अन्तर्राष्ट्रिय प्रवर्द्धन तथा विकासमा यो अवार्डले ठूलो भूमिका खेल्नेछ ।'

# सिंहदरबारमै बिजुली गाडी उपेक्षित, प्रयोगहीन छन् चार्जिङ स्टेसन

काठमाडौं/अर्थ मन्त्रालयको पार्किङ क्षेत्र सरकारी गाडीले भरिभराउ हुन्छ । त्यही पार्किङमा विद्युतीय गाडी चार्ज गर्न बनाइएको चार्जिङ स्टेसन भने प्राय: खाली र उपयोगविहीन छ । चार्ज गर्नुपर्ने गाडी नभएका कारण चार्जिङ स्टेसनसम्मै अन्य गाडी र मोटरसाइकल पार्किङ गरिएको छ ।




ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र परराष्ट्र मन्त्रालयका पार्किङमा पनि चार्जिङ स्टेसन त बनेका छन्, तर प्रयोग भएका छैनन् । यसको मूल कारण हो, सिंहदरबारमा विद्युतीय गाडी नै न्युन संख्यामा हुनु ।

ऊर्जा मन्त्रालयका डिभिजनल इन्जिनियर शालिकराम भण्डारी सिंहदरबारभित्र ५ वटा चार्जिङ स्टेसन रहेको बताउँछन् । करिब ८५ लाख रुपैयाँ लागतमा अर्थ र ऊर्जामा २२ वटा र परराष्ट्र मन्त्रालययमा एउटा चार्जिङ स्टेसन बनाइएको छ ।

बनाउँदाखेरि जोकोहीले शुल्क तिरेर चार्ज गर्न पाउने भनिए पनि यी चार्जिङ स्टेसनको पर्याप्त प्रयोग हुन नसकेको डिभिजनल इन्जिनियर भण्डारी स्वीकार्छन । 'प्रयोग नै नभएको त भन्न मिल्दैन, कम्तीमा दिनमा एउटा गाडी चार्ज भइरहेकै छन्', उनले भने ।

सरकारी निकायलाई विद्युतीय गाडी किन्न प्रोत्साहन गर्ने उद्देश्यले सिंहदरबारभित्र चार्जिङ स्टेसनहरु बनाइएका थिए । विद्युत खपत बढाउने र भारतबाट हुने डिजेल-पेट्रोल आयात कम गर्न सघाउ पुर्याउने गरी चार्जिङ स्टेसन जोडिएको उनको भनाइ छ ।

'सिंहदरबार भन्दा बाहिर बाट आएका जोकोहीले पनि सवारी चार्ज गर्न पाउने, क्यूआर स्क्यान गरेर महसुल भुक्तानी गर्न सक्ने गरी चार्जिङ स्टेसन राखेका छौं', डिभिजनल इन्जिनियर भण्डारी भन्छन्, 'तर, अपेक्षा गरेअनुसार गाडी आएका भने छैनन् ।'

विद्युत प्राधिकरणले देशका करिब ४० ठाउँमा स्थापना गरेको चार्जिङ स्टेसनमा भने गाडीको चाप बढ्दो छ । ती चार्जिङ स्टेसनहरुमा विद्युत खपत र महसुल संकलनको प्रगति राम्रो छ ।

**सिंहदरबारको पार्किङमा रहेका सवारी**

चार्जिङ स्टेसन पूर्वाधार विकास आयोजनाका प्रमुख सागरमणि ज्ञवालीका अनुसार प्राधिकरणले चलाएका स्टेसनहरुबाट हाल दैनिक औसत १० हजार युनिट बिजुली खपत भएर १ लाख रुपैयाँसम्म महसुल संकलन भइरहेको छ । 'शहर र राजमार्ग क्षेत्रकै कतिपय ठाउँमा अहिले उपयोग कम छ', उनी भन्छन्, 'केही ठाउँमा चार्जिङ स्टेसनहरु धेरै समय बुक नै हुन्छन् ।'

**बिजुली गाडीमा सरकारी वितृष्णा**

नेपाल विद्युत प्राधिकरणबाहेक अन्य सरकारी निकायले विद्युतीय गाडीमात्रै किन्ने वा त्यसलाई प्राथमिकता दिने घोषणा गरेका छैनन् । केही मन्त्रालयहरुले किनेका विद्युतीय गाडी पनि नियमित उपयोगमा छैनन् ।

अर्थ मन्त्रालयका एक अधिकारी इन्धन र मर्मत खर्च सरकारबाटै पाउने भएकाले प्राय सरकारी कर्मचारी विद्युतीय गाडी किन्न चाहँदैनन् । 'सरकारले कुनै नीतिमार्फत सरकारी निकायले अब किन्ने गाडी पनि विद्युतीय हुनैपर्ने भनेको छैन, यस्तो अवस्थामा कुनैलाई लक्षित गरेर सवारी किन्दा उसले विद्युतीय रोज्दै रोज्दैन', ती अधिकारी भन्छन्, 'सरकारको ढुकुटी बचत गर्ने कुरामा कसैलाई चिन्ता छैन ।'

झन् आर्थिक वर्ष २०८०/८१ को बजेटमार्फत अर्थमन्त्री डा. प्रकाशशरण महतले सरकारी पदाधिकारी तथा कर्मचारीलाई गाडीमा इन्धन (डिजेल-पेट्रोल र मोबिल) वापत सोझै नगद दिने व्यवस्था गर्ने घोषणा गरेका छन् । यो कारण पनि कर्मचारी तथा पदाधिकारीहरु विद्युतीय गाडी चढ्न चाहँदैनन् ।

मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन २०४९ अनुसार प्रधानमन्त्रीले दुई वटा गाडी र महिनामा ३४० लिटर पेट्रोल सुविधा पाउँछन् । उपप्रधानमन्त्रीले २६५ लिटर, मन्त्रीहरुले २३० लिटर, राज्यमन्त्रीले २०० लिटर तेल सुविधा पाउँछन् । सचिवले मासिक १०० लिटर, सहसचिवले ७० लिटर इन्धन पाउँछन् । अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७ अनुसार सहसचिवस्तरका कर्मचारीले मात्र सरकारबाट सवारीसाधनको सुविधा पाउन सक्छन् ।

तर, सबैजसो मन्त्रालयमा उपसचिव र शाखा अधिकृतले सवारी सुविधा लिइरहेका छन् । कर्मचारी तथा पदाधिकारीले वास्तविक खर्च हुने इन्धन भन्दा पनि आफूले सुविधामा पाउने बराबरकै इन्धन भरेको कुपन लिएर पेट्रोल पम्पहरुबाट नगद नै बुझ्ने विकृति बढेको भन्दै अर्थमन्त्रीले यसवर्षदेखि नगदै दिने घोषणा गरेका थिए ।

विद्युतीय गाडी चढ्ने कर्मचारीहरुले सरकारी चार्जिङ स्टेसनमै चार्ज गर्ने भएकाले इन्धन सुविधाबापत सरकारबाट नगद पाउने नियम छैन । अर्थ मन्त्रालयका प्रवक्ता धनिराम शर्माका अनुसार विद्युतीय गाडी चलाइरहेकाहरुलाई इन्धन सुविधाबापतको खर्च के गर्ने भन्ने विषय जटिल देखिएको छ ।

# थाइ एयरवेजले नेपालमा पुन: उडान थाल्दै, जीएसए नियुक्त

काठमाठौं/ थाइल्याण्डको राष्ट्रिय ध्वजावाहक थाइ एयरवेज इन्टरनेसनलले नेपालमा पुन: उडान थाल्ने भएको छ । कोभिड-१९ पछि उडान बन्द गरेको यो कम्पनीले आगामी नोभेम्बरदेखि नेपाल उडान पुन: सुचारु गर्ने भएको छ ।

थाइ एयरवेजले सोसाइटी इन्टरनेसनल ट्राभल सर्भिसेसलाई आफ्नो जनरल सेल्स एजेण्ट (जीएसए) समेत नियुक्त गरेको छ । उक्त नियुक्ति अगस्ट १, २०२३ बाट लागू भएको कम्पनीले जनाएको छ ।

सम्झौता अनुसार सोसाइटी इन्टरनेसनल ट्राभल सर्भिसले थाइ एयरवेज इन्टरनेसनलका लागि सम्पूर्ण ग्राहक र एजेन्ट सपोर्ट सेवा सहित चौतर्फी सेल्स, मार्केटिङ र विमानस्थलस्थित सेवा उपलब्ध गराउने भएको छ ।

अब थाइ एयरवेज इन्टर नेसनलले विश्वव्यापी कोभिड-१९ महामारीका कारण अप्रिल २०२० देखि रोकिएको काठमाडौंका लागि उडान पुन: सञ्चालन गर्ने भएको छ । सन् १९६८ को डिसेम्बरमा नेपालका लागि पहिलो पटक उडान सञ्चालन गरेको थाइ एयरवेजले नेपाली उंघयन इतिहासमा लामो समय उडान गरेको छ । थाइ एयरवेज इन्टरनेसनलका चिफ कमरसियल अफिसर कोराकोट चर्टासैले थाई एयरवेज इन्टरनेशनलको काठमाडौं उडान पुन: सञ्चालनमा आउनु सुखद: भएको बताए ।

थाइल्याण्ड भित्रका विभिन्न आन्तरिक तथा विश्व प्रसिद्ध गन्तव्य फुकेट, पट्टाया र क्राबी साथै राजधानी सहर बैंककलाई थाइ एयर वेजको उडान पुन: सञ्चालनले नेपाली पर्यटक र यात्रुहरूको बढ्दो संख्यालाई सहज हुने उनले बताए ।

अष्ट्रेलिया, जापान, कोरिया, मलेसिया र विश्वका विभिन्न सहर हरुमा थाइ एयरवेजको उडान रहेकाले नेपालका यात्रुहरुलाई सहज र सुरक्षित उडान विकल्पहरु प्रदान गर्नुका साथै नेपालको पर्यटन प्रवर्धन गर्न सक्षम हुने उनको भनाइ छ ।

आरआर गग्रुप अफ कम्पनीको भगिनी संस्था सोसाइटी इन्टरनेसनल ट्राभल सर्भिसेजका अध्यक्ष रविचन्द्र सिंहले थाइ एयर वेज इन्टरनेसनलको नेपालका लागि जीएसए नियुक्त भई काम गर्न पाउँदा हर्षित भएको बताए ।

# ८० शाखा अधिकृत गाउँपालिकामा खटाइए

काठमाडौं/संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ८० जना शाखा अधिकृतलाई एकैपटक गाउँपालिकामा खटाएको छ ।

मन्त्रालयको कर्मचारी प्रशासन महाशाखाले नयाँ नियुक्त भएका, ६ महिना तालिम सकेका शाखा अधिकृतहरुलाई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रुपमा खटाएको छ ।

गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत प्रशासनतर्फको शाखा अधिकृत हुने कानुनी व्यवस्था अनुसार नै नयाँ शाखा अधिकृतहरुलाई खटाइएको स्थानीय तह कर्मचारी प्रशासन शाखाका उपसचिव खिलराज राईले जानकारी दिए ।

प्रमुख प्रशासकीय अधिकृत खटाउन सचिवस्तरीय निर्णय हुनुपर्ने भएता पनि मन्त्रालयका सचिव कृष्णहरि पुष्करले सहसचिव हेमराज तामाङलाई शाखा अधिकृतसम्मको सरुवाको जिम्मेवारी प्रत्यायोजन गरेका छन् ।

'नयाँ शाखा अधिकृत सरुवा गर्दा लोकसेवा आयोगको योग्यता क्रमलाई ६० प्रतिशत र ६ महिना तालिम लिएकोलाई ४० प्रतिशत गरी एकमुष्ट योग्यता क्रम निर्धारण गर्‍यौं, त्यसपछि एकातिर रिक्त गाउँपालिकामा योग्यता क्रम अनुसार छान्न दिएर उनीहरुलाई गाउँपालिकामा पठाएका हौं', उपसचिव राईले भने ।

मन्त्रालयका अनुसार अब प्रमुख प्रशासकीय अधिकृत रिक्त स्थानीय तहमा ४० भन्दा थोरै रहेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'पशुपति प्रसाद २ 'भष्मे डन' टिजर : भष्मेले लगाए सुनको दाँत

काठमाडौं/सुपरस्टार विपिन कार्की मंगलबार आफ्नो जन्मदिन मनाउँदैछन् । अभिनयमा आफूलाई अब्बल प्रमाणित गरिसकेका उनका लागि यस वर्ष निकै विशेष छ । उनले विल्कुलै फरक भूमिका निर्वाह गरेको दुई फिल्म 'एक भगवत् गीता' भदौ २९ मा र 'पशुपति प्रसाद २ : भष्मे डन' दशैंमा प्रदर्शनमा आउँदैछ । यी दुईटा फिल्मले विपिनको करिअरलाई कायापटल गर्न सक्ने विश्लेषण गरिएको छ ।



यसबीच, उनको जन्मदिनको अवसर पारेर दीपेन्द्र के. खनाल निर्देशित फिल्म 'पशुपति प्रसाद २ : भष्मे डन'को टिजर सार्वजनिक गरिएको छ । १ मिनेट ७ सेकेण्ड लम्बाईको टिजरमा विपिन भष्मे डनको अवतारमा प्रस्तुत छन् । उनी संवादसहित सुनको दाँत लगाउँदै गरेको अवस्थामा चित्रित छन् । पशुपति आर्यघाटको दृश्य पनि समेटिएको टिजरमा ब्याकग्राउन्ड स्कोर जबर्जस्त सुनिन्छ ।

खगेन्द्र लामिछानेको लेखन तथा निर्माण रहेको फिल्ममा विपिनसँगै सौगात मल्ल, स्वस्तिमा खड्का, रविन्द्र सिंह बानियाँ, माओत्से गुरुङ, प्रकाश घिमिरे, लोकेन्द्र लेखक, मिस्श्री थापा, सजन थापा मगर, विभु पौडेल, प्रकाश दाहालको पनि अभिनय छ । खगेन्द्र लामिछाने र वर्षा सिवाकोटीको पनि विशेष भूमिका रहेको फिल्मको एउटा गीतमा आँचल शर्मा र निश्चल खड्का प्रस्तुत हुनेछन् ।

फिल्ममा निरज कँडेलको डिओपी, कृष्ण थापाको छायांकन, दीर्घ खड्काको सम्पादन, किरण भुषाल, कृष्ण भारद्वाज तथा सुभाष भुषालको संगीत छ । पशुपति प्रसाद चरित्रको मृत्युपछि पशुपति क्षेत्रमा अस्तित्व स्थापित गर्न संघर्षरत भष्मे डनको जीवनमा एउटा पात्रको प्रवेशपश्चात् सुरु भएको परिचय र आत्मसम्मानको लागि गर्ने शक्ति संघर्षको कथामा फिल्म केन्द्रित रहेको जनाइएको छ ।

# रोल कम-बढी होइन, कति सशक्त छ त्यो हेर्छु : वर्षा

काठमाडौं/फिल्म 'नाईं नभन्नू ल ४'बाट अभिनेत्री वर्षा राउतको सुखद उदय भयो । 'छक्का पञ्जा' र 'जात्रा' जस्ता फिल्म सफल भैदिँदा उनको करिअर थप मजबूत बन्यो ।

चुलबुले र गम्भीर दुवै स्वभावको भूमिकामा आफूलाई अब्बल प्रमाणित गरिसकेकी उनी अब आगामी भदौ १४ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'ऐंचो पैंचो'मा देखिँदैछिन्, जसलाई लिएर उनको निकै ठूलो आशा र भरोसा छ ।

तर, यतिबेला फिल्ममा रोल काटिएकोले उनी असन्तुष्ट रहेको चर्चाले भैरहेको छ । यो कुरा कसरी फैलियो उनी स्वयं अनविज्ञ छिन् । फिल्ममा आफ्नो रोल काटिएको कुरा सत्य नभएको उनी दाबी गर्छिन् । उनी भन्छिन्, 'सुटिङमै रोल काटिएको भए म प्रचारमा नै हिँड्दिनँ थिएँ । कृषा चौलागाईं (निर्देशक) दिदीले त केही दृश्य थप्नुपर्नेछ फेरि सुटिङ गरौंन भन्दा मैले नै अब नगरौं भनेकी थिएँ ।' वर्षालाई फिल्ममा रोल कम-बढीभन्दा पनि त्यो कति सशक्त छ भन्ने कुरा

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मनहरीका नेताले प्रधानमन्त्री भेटे, भूमिहीनले गाउँपालिका घेरे

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/मनहरी गाउँपालिकाले जग्गा नापी गर्न सहजता गरिदिन भन्दै मनहरीले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ज्ञापनपत्र बुझाएको छ । मंगलबार प्रधानमन्त्री कार्यालय बालुवाटारमा भएको गाउँपालिकाका जनप्रतिनिधिले प्रधानमन्त्रीलाई भेटी एलानी जग्गा नापी, भूमिहीन दलित तथा सुकुम्बासीको समस्या समाधानको लागि ज्ञापनपत्र बुझाएको हो ।



गाउँपालिकाको अधिकांश जमिन ऐलानी रहेको र मध्यबर्ती क्षेत्र भएकोले लामो समयदेखि स्थानीय सरकार र मध्यवर्ती क्षेत्रबीच बिबाद रहदै आइरहेको थियो । जवाफमा प्रधानमन्त्री प्रचण्डले भने, 'चितवन राष्ट्रिय निकुञ्जका मध्यवर्ती क्षेत्रका जनताको समस्या सम्बोधन हुन्छ । तत्काल वन तथा वातावरण तथा भूमिसुधार मन्त्रालय, मुख्यसचिव, सचिवसहितको छलफल राख्छु । छफलबाट समस्या सम्बोधन हुनेमा आफू विश्वस्त रहेको बताए ।' साथै सम्बन्धित निकायसँग बसेर ऐन संशोधन गरेर भए पनि समस्या समाधान गर्ने बताए ।

गाउँपालिकाको प्रतिनिधिमण्डलले निकुञ्ज क्षेत्रबाट निस्केका वन्यजन्तुले मध्यवर्तीवासीलाई दु:ख दिएको, निकुञ्ज क्षेत्रका नदीजन्यपदार्थ प्रयोगमा समस्या भएको, जग्गा नापजाँचमा समस्या भएको जस्ता समस्या सम्बोधन गर्न प्रधानमन्त्रीसमक्ष आग्रह गरेको थियो । मकवानपुर जिल्ला र छिमेकी जिल्लाको अन्य स्थानीय तहले ऐलानी जग्गाको लालपुर्जा बितरण र भूमिहिन तथा दलित सुकुम्बासीको ब्यबस्थापन भइरहँदा मनहरी गाउँपालिकालाई पनि स्थानीय जनताको निर्बाचित जनप्रतिनिधिमाथी तीब्र दबाब रहँदै आइरहेकोछ ।

मकवानपुर जिल्ला मनहरी गाउँपालिका र चितवन जिल्लाका राप्ती नगरपालिका, खैरहनी नगरपालिका, रत्ननगर नगरपालिका र माडी नगरपालिकाका निर्वाचित जनप्रतिनिधिले एकसाथ प्रचण्डलाई भेटेका हुन् । भेटघाट कार्यक्रममा नेपाली कांग्रेस महामन्त्री गगनकुमार थापा, मकवानपुर निर्वाचन क्षेत्र २ ख प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँ, मकवानपुर जिल्ला समन्वय प्रमुख ललित घलान, मनहरी गाउँपालिका अध्यक्ष रन्जन कालाखेती, उपाध्यक्ष सीता पुलामी मगर, मनहरी गाउँपालिकाका ९ वटै वडाका अध्यक्षहरुलगायत जनप्रतिनिधिको सहभागिता रहेको थियो ।

यसैबीच, भूमिहीन सुकुम्बासीहरुले मनहरी गाउँपालिका कार्यालयमा मंगलबार धर्ना दिएका छन् । मनहरीका भूमिहीन सुकुम्बासी, अव्यवस्थित बस्ती संघर्ष समितिले भूमिहीन सुकुम्बासी अव्यवस्थित वस्तीको भू-स्वामित्व कायम गर्नुपर्ने, संरक्षित क्षेत्रलाई संरक्षण गर्नुपर्ने, मध्यवर्तीको नाममा निकुञ्जको ज्यादतीलाई अन्त्य गर्नुपर्ने, नेपालको संविधानमा उल्लेखित जनताको मौलिक हकअधिकारको सुनिश्चित गर्नुपर्ने लगायतका माग राखेर धर्ना दिएको हो । स्थानीय सरकारले जनताप्रति उत्तरदायी भई अधिकार कार्यान्वयन गर्नुपर्ने, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को ३ क, (१) मा उल्लेखित व्यवस्था खारेज गर्नुपर्ने, भूमिसम्बन्धी ऐन २०७६ खण्ड ६५ को दफा ५२ ख, ४ को उपदफा (ग) मा उल्लेखित परिभाषालाई खारेज गर्नुपर्ने उनीहरुको माग रहेको छ ।

संघर्ष समितिका अध्यक्ष क्षेत्रबहादुर मोक्तानले मध्यवर्ती क्षेत्रका कारण मनहरीका नागरिकले निकै दु:ख झेल्नु परेको बताए । आफूहरुको माग पूरा नभए भदौ २५ गते पालिका र मनहरीका सबै वडा कार्यालयमा तालाबन्दी गर्ने उनले जानकारी दिए । त्यति पछि पनि मागको सुनुवाइ नभए जनप्रतिनिधिहरुको घरमा तालाबन्दी गर्ने चेतावनीसमेत मोक्तानले दिएका छन् ।

यसैगरी, मनहरी गाउँपालिकाका सुकुम्बासीलाई बितरणका लागि गाउँपालिकामा पर्याप्त जग्गा फेला परेको बताइएको छ । गाउँपालिकाका ९ वटै वडामा खाली र पर्ती जग्गा रहेकाले सुकुम्बासी परिवारलाई बितरण गर्न जग्गाको अभाव नरहेको वडा कार्यालयहरुले गाउँ कार्यपालिकालाई जानकारी गराएको हो । मनहरी गाउँपालिका भूमि व्यवस्थापन शाखा प्रमुख राजेन्द्र चौलागाईका अनुसार कूल ६ सय ९३ जना सुकुम्बासी पहिचान भएको छ । दलित भूमिहीन १ सय १ परिवार र भूमिहीन सुकुम्बासी ५ सय ९२ परिवार पहिचान भई उनीहरुलाई जग्गा बितरणका लागि राष्ट्रिय भूमि आयोगमा प्रतिवेदनका साथ सिफारिस गरिएको उनले बताए ।

मनहरी गाउँपालिकाका २०८० साउन १६ गतेको कार्यपालिका बैठकले ६ सया ९३ परिवार सुकुम्बासीलाई बितरण गर्नका लागि १ देखि ९ वटै वडामा पर्याप्त जग्गा रहेको विवरणसहित आयोगलाई सिफारिस गर्ने निर्णय गरेको हो । गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत मोहनकुमार श्रेष्ठका अनुसार वडा नं १ मा २२० कठ्ठा, वडा नं २ मा एक हजार कठ्ठा, वडा नं ३ मा २ सय कठ्ठा, वडा नं ४ मा ८९४ कठ्ठा, वडा नं ५ मा २२० कठ्ठा, वडा नं ६ मा ४२० कठ्ठा, वडा नं ७ मा २ हजार १ सय कठ्ठा, वडा नं ८ मा ३२० कठ्ठा र वडा नं ९ मा ३२० कठ्ठा जग्गा फेला पारिएको छ ।

९ वटै वडामा कूल ५ हजार ३ सय ७४ कठ्ठा जग्गा फेला पारिएको कार्यपालिकाले जनाएको छ । यद्यपि मनहरी गाउँपालिका भित्रका ६९३ परिवार सुकुम्बासीका लागि जग्गा बितरण गर्न ३ हजार ६ सय ४८ कठ्ठा जग्गा आवश्यक पर्छ । गाउँपालिकाले राष्ट्रिय भूमि आयोगलाई सिफारिस गरिएका खुला र पर्ती जग्गाहरु अधिकाँश पर्सा र ाष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रमा परेका छन् ।

कानूनी जटिलताका कारण निकुन्जले ती जग्गालाई नापी गर्न दिनसक्ने अबस्था भने नदेखिएको जानकारहरु बताउँछन् । सोही कानूनी जटिलता फुकाउन मनहरीका जनप्रतिनिधिले प्रधानमन्त्री भेटेका हुन् ।

# मुग्लिन-नारायणगढ सडक विस्तार पछि सुरू भएको पहिरोको सास्ती

काठमाडा, ५ भदौ/ मुग्लिन-नारायणगढ सडक खण्डमा सोमबार यात्रुले १८ घण्टा राजमार्गमै बिताउनुपर्‍यो । सडक डिभिजन भरतपुरका अनुसार सोमबार राति ८ बजे नाम्सी पुलनजिक (मुग्लिनतर्फ) आएको पहिरो रातभरको प्रयासपछि मंगलबार बिहान १२:५५ बजे मात्र हटाउन सकियो । र, राजमार्ग सञ्चालनमा आयो ।




दैनिक १० हजारभन्दा बढी ठूला सवारी साधनले यात्रा गर्ने यो सडक खण्ड केही घण्टा मात्र अवरुद्ध हुँदा पनि एकसाथ लाखौं यात्रु प्रभावित बन्छन् । मुलुकको राजधानी काठमाडौंलाई पूर्वी र पश्चिम नेपालको अधिकांश भू-भागसँग जोड्ने यो राजमार्ग मुलुकको लाइफलाइन हो ।

राष्ट्रिय राजमार्ग 'एनएच४४'को एक खण्ड यो सडक साना ठूला पहिरोका कारण पछिल्लो दुई महिनामा १५ पटक पटक अवरुद्ध भएको छ । हरेक पटक पहिरो खुलाएर सडक सञ्चालन गर्न घण्टौं लाग्दा यात्रुले ठूलो सास्ती बेहोर्नु परेको छ । सडक विभागका महानिर्देशक सुशील बाबु ढकाल तुलनात्मक रुपमा यो वर्षायाममा मुग्लिन-नारायणगढ सडक खण्डमा बढी पहिलो गएको स्वीकार गर्छन् ।

'यसो हुनुको यकीन कारणबारे भूगोलविद्हरुले नै धेरै भन्न सक्नुहुन्छ,' उनी भन्छन्, 'तर, गत वर्ष भन्दा अहिले यो सडक खण्डमा बढी पहिरो देखियो ।' यो वर्ष पहिरोले मानवीय क्षति भने गरेको छैन । तर, यसले हजारौं मानिसको सामाजिक (समय)को क्षतिको समेत मूल्यमा गणना नहुने उनी स्वीकार गर्छन् । गत वर्ष २४ पटक अवरुद्ध भएको यो सडक खण्ड १०९ घण्टा बन्द भएको थियो ।

यो सडक निर्माणसँगसँगै भिरालो स्थान संरक्षण (स्लोप प्रोटेक्सन) को काम नगरिएकाले यो सडकमा पहिरो गइरहेको एक सडक विशेषज्ञले बताए । यो सडक विस्तारको ठेक्का लगाउँदा नै गलत गरिएको उनको तर्क छ । 'पहाडी क्षेत्रमा सडक बनाउँदा संसारभरि नै सबैभन्दा पहिला स्लोप प्रोटेक्सनको काम गरिन्छ', उनले भने 'तर नेपालमा भने पहिला सडक विस्तार गर्ने र पछि पहिरो जान थालेपछि भिरालो संरक्षणका बारेमा सोच्ने गरिन्छ ।'

मुग्लिन-नारायणगढ सडकमा पनि सडक विस्तारसँगै स्लोप प्रोटेक्सन र पुल निर्माणको पनि ठेक्का लगाउनुपर्नेमा त्यसो नगरी सडक विस्तार मात्रै गलत भएको उनको भनाइ छ । 'यी तीनवटै कामको ठेक्का एकैपटक गरिएको भए एकैपटक काम सकिन्थ्यो, लागत पनि कम लाग्थ्यो, अहिले सर्वसाधारणले पनि कम सास्ती पाउँथे', उनले भने । यो सडकमा सरकारी स्रोतको दुरुपयोग भएको उनको तर्क छ ।

**०७५ सालमा सकिएको थियो सडक विस्तार, पुल भने अझै बाँकी**

०३६ सालमा पूर्व-पश्चिम महेन्द्र राजमार्गलाई काठमाडौं-पोखरा पृथ्वी राजमार्गसँग जोड्न मुग्लिन-नारायणगढ खण्डको निर्माण गरिएको थियो । तर, यो सडक पूर्ण रुपमा दुई लेनको थिएन । यो सडक विस्तारको आवश्यकता अनुसार २०७३ सालमा यसलाई पूर्ण क्षमताको दुई लेन राजमार्ग बनाउने काम सुरु गरिएको थियो । २०७५ को साउनमा सडक विस्तारको काम सम्पन्न भएको थियो । तर, पुलको काम भने अहिलेसम्म पनि सकिएको छैन ।

३३ किलोमिटरको यो आयोजना विश्वबैंकको करीब ३ अर्ब ९० करोड ऋण सहयोगमा निर्माण भएको थियो । आयोजनाको काम चालू रहँदा निर्माणका गतिविधिले पटकपटक सवारीसाधन रोकिने गरेको थियो । तर, निर्माण सम्पन्न भएपछि भने निरन्तर पहिरो गइरहनाले जनताको सास्ती झन थपिएको छ ।

सो सडकलाई एसियाली राजमार्गको मापदण्डअनुरुप डबल लेन सडकमा स्तरोन्नति गरिएको थियो । सडक विस्तारअघि नारायणगढ-मुग्लिन सडकको औसत चौडाइ साढे ५ देखि ६ मिटर थियो । परियोजना सम्पन्न भएपछि पूरै सडक कम्तीमा ७ मिटर चौडा भएको छ ।

राजमार्ग सम्पन्न भएपछि मुग्लिन-नारायणगढ सडकको यात्रा दूरी पनि छोटिएको छ । राजमार्ग स्तरोन्नति हुनु अघि नारायणगढबाट मुग्लिन पुग्न १ घण्टाभन्दा बढी समय लाग्थ्यो । तर, विस्तारपछि यो सडकमा ६० किलोमिटर प्रतिघन्टाको दरले यात्रा गर्न सकिने र यो दूरी ३५ मिनेटमा तय गर्न सकिने अवस्था बनेको थियो ।

मुलुकको राजधानी काठमाडौं र प्रमुख सहरमध्येको एक पोखरालाई मुलुकका अधिकांश भागसँग जोड्ने यो सडकले यात्रुहरुलाई मात्रै होइन, ढुवानीका लागि पनि महत्वपूर्ण योगदान दिइरहेको छ । नेपालको ९० प्रतिशत व्यापार यही सडकमार्फत हुन्छ, काठमाडौंलाई बाँकी नेपालसँग जोड्ने मात्रै होइन, चीन र भारतका सीमासँग जोड्न पनि यो मार्ग अत्यन्तै महत्वपूर्ण छ ।

तर, सडक निर्माण नसकिँदै पहिरोको समस्या सुरु भएको थियो । आयोजना सम्पन्न भएकै साल २०७५ को साउनमा मात्रै ५ ठाउँमा ठूलो पहिरो गएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# जग्गा फिर्ता गर्ने भनेपछि ४८ जना बनेनन् संगठित अपराधमा प्रतिवादी



काठमाडा, ५ भदौ/ बालुवाटारस्थित ललितानिवासको सरकारी जग्गा कीर्ते गरेर हडपेको प्रकरणमा केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले अनुसन्धान थालेपछि ४८ जनाले जग्गा फिर्ता गर्ने भन्दै निवेदन दिएको खुलेको छ ।

सीआईबीले मंगलबार जिल्ला सरकारी वकिलको कार्यालय, काठमाडौंमा बुझाएको रायसहितको अनुसन्धान प्रतिवेदनमा जग्गा फिर्ताका लागि निवेदन दिएको भन्दै सरकारी लिखत कीर्ते र संगठित अपराधको मुद्दाबाट छुटकरा दिइएको छ ।

उनीहरुलाई जग्गा फिर्ता गर्ने प्रयोजनका लागि मात्रै प्रतिवादी बनाउन सीआईबीले राय दिएको छ । 'मुल उद्देश्य जग्गा फिर्ता गराउने भएकाले फिर्ता गर्छु भन्नेलाई कीर्ते र संगठित अपराधमा मुद्दा लैजान राय दिएनौं', सीआईबीका एक अधिकृतले भने, 'मुद्दा फिर्ता गर्ने प्रयोजनका लागि मात्रै ४८ जनालाई प्रतिवादी बनाएका छौं ।'

सीआईबीले जग्गा फिर्ता प्रयोजनबाहेक २३८ जनालाई मात्रै सरकारी लिखत कीर्ते र संगठित अपराधमा प्रतिवादी बनाएको छ । ललितानिवासको जग्गा लिनेमध्ये सिपिका खेतानसहित ४८ जनाले मालपोत कार्यालय, डिल्लीबजारमा पनि निवेदन दिएका थिए ।

सीआईबीले यो प्रकरणमा पूर्वमन्त्री विजयकुमार गच्छदार, पूर्वमन्त्री चन्द्रदेव जोशी, डम्बर श्रेष्ठ, पूर्वराज्यमन्त्री सञ्जय शाहसहितलाई प्रतिवादी बनाएको छ । पूर्वसचिव एवं अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त दिप बस्न्यात, पूर्वसचिव दिनेशहरि अधिकारी, नारायण गोपाल मलेगु लगायत पनि यसमा प्रतिवादी छन् ।

चार चरणमा गरेर ललितानिवासको १४३ रोपनी जग्गा हडपिएको सीआईबीको निष्कर्ष छ । यसमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईलाई पनि मुद्दा चलाउनु नपर्ने राय सीआईबीले दिएको छ । उनीहरुलाई साक्षीको कागज गराइएको छ । पूर्वमुख्य सचिव लीलामणि पौड्यालको पनि बयान गराइएपनि प्रतिवादी बनाइएको छैन ।

# सडक विस्तारसम्बन्धी मुद्दा हेर्न नभ्याइनेमा

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/ पूर्वपश्चिम राजमार्ग तथा त्रिभुवन राजपथअन्तरगत पर्ने हेटौंडा बजार क्षेत्रको सडक विस्तार सम्बन्धी मुद्दा मंगलबार हेर्न नभ्याइनेमा परेको छ ।

मंगलबार सर्वोच्च अदालतले सो मुद्दालाई हेर्न नभ्याउनेमा राखेपछि मुद्दाउपर सुनुवाइ भएन । पूर्वपश्चिम राजमार्ग अन्तरगत हेटौंडाको मुख्य बजारको दायाबायाँ २५/२५ गज भत्काउन सर्वोच्चको आदेश भएतापनि घर धनीहरुले पुन: क्षतिपूर्तिसहितको मुआब्जा मागसहित सर्वोच्चमा उजुरी दर्ता गराएका थिए । अदालतमा उजुरी परेका कारण लामो समयदेखि सडक विस्तारको विषय अघि बढ्न नसकेको हो ।

मंगलबार पनि सडक विस्तारको मुद्दा हेर्न नभ्याइनेमा सर्बोच्चले राखेको जानकारी प्राप्त भएको डिभिजन सडक कार्यालय हेटौंडाका प्रमुख राजेशकुमार यादवले बताए । यसअघि असार गत असार १५ गतेबाट सडक विस्तार गर्ने गरी डिभिजन सडक कार्यालयले सार्वजनिक सूचना प्रकाशित गरेको थियो ।

# बसपार्कबाट लागूऔषधसहित दुई जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/हेटौंडा उपमहानगरपालिका-१०, बसपार्कबाट लागूऔषध ओसारपसारमा संलग्न भएको आरोपमा दुईजना पक्राउ परेका छन् ।



मकवानपुर प्रहरीले लागूऔषध गाँजा ९ किलोसहित मंगलबार बिहान दुईजनालाई पक्राउ गरेको हो । धनुषाको सागरनाथ नगरपालिका वडा नम्वर ८ बस्ने ४३ वर्षीय देबनारायण दास र सिराहाको कर्जनहा नगरपालिका वडा नम्वर ८ बस्ने ४२ वर्षीय रामसागर साहलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरीनायवउपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । उनका अनुसार बिहान साढे ९ बजेको समयमा हेटौंडाबाट जनकपुरतर्फ जाँदै गरेको ना ५ ख २१६५ नम्वर को बसलाई सादा पोशाकमा खाटिएको प्रहरी टोलीले जाँच गर्ने क्रममा गाँजा बरामद भएपछि निजहरुलाई पक्राउ गरिएको हो ।

पक्राउ परेका देबनारायण दासको साथबाट प्रहरीले ३० हजार रुपैयाँ नगदसमेत बरामद गरेको जानकारी दिएको छ । पक्राउ परेका उनीहरुमाथि प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रक्रिया अगाडि बढाइएको प्रहरीनायवउपरीक्षक कार्कीले बताए । मकवानपुरमा पछिल्लो समय दिनहुँ लागूऔषध ओसारपसारमा संलग्नहरु पक्रउ परिरहेका छन् ।

वृद्धदेखि महिला र बालकसम्म लागूऔषध ओसारपसारमा प्रयोग भइरहेको प्रहरीको अनुसन्धानले देखाएको छ । राज्यले लागूऔषधको ओसारपसारमा कडा कदम चाल्नुपर्ने सरोकारवालाहरुले बताउँदै आएका छन् ।

# मकवानपुरमा डेंगू संक्रमितको संख्या २०० नाघ्यो

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/ मकवानपुरमा गत साउन १ गतेदेखि हालसम्म डेंगू संक्रमितको संख्या २०० नाघेको छ । जिल्लामा पछिल्लो २४ घण्टामा थप ९ जनामा डेंगू संक्रमण भएसँगै संक्रमितको कूल संख्या २०० नाघेको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।




मंगलबार जिल्लाको हेटौंडा उपमहानगरपालिकाका ६ जना, मनहरी गाउँपालिकाका २ जना र बकैयाँ गाउँपालिकाका एक जनामा डेंगू संक्रमण पुष्टि भएको हो । जिल्लामा गत साउन १ गतेदेखि आजसम्मको तथ्यांक हेर्दा डेंगू संक्रमितको संख्या २०६ पुगेको छ । यसअघि सोमबारसम्म १९७ जनामा डेंगू संक्रमण पुष्टि भएको थियो । स्वास्थ्य कार्यालयका अनुसार, सबैभन्दा धेरै संक्रमित हेटौंडा उपमहानगरपालिमा रहेका छन् । त्यहाँ १५१ जनामा डेंगू संक्रमण पुष्टि भएको छ ।

यसैगरी, मकवानपुरगढी गाउँपालिकामा २ जना, मनहरी गाउँपालिकामा ४ जना, भीमफेदी गाउँपालिकामा ५ जना, बकैया गाउँपालिकामा २ जना, राक्सिराङ गाउँपालिकामा १ जनामा डेंगू संक्रमण पुष्टि भएको छ । यस्तै, सो अवधिमा हेटौंडामा अस्पतालमा ४० जना र अन्य जिल्लाका एक जनामा संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । यस्तै, सो अवधिमा जिल्लामा डेंगू संक्रमणका कारण एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा हेटौंडा उपमहानगरपालिका-१३ का एकजना पुरुष रहेका छन् ।

# महसुल नतिरेपछि गाउँपालिकामा विद्युत काटियो

साझाकुरा संवाददाता

हेटौंडा, ५ भदौ/विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रले मकवानपुरगढी गाउँपालिकाले विद्युतको महसुल नतिरेपछि लाइन काटेको छ ।

तीन महिनाभन्दा लामो समयदेखि विद्युत बक्यौता बाँकी राखेपछि प्राधिकरणले मकवापनुर गढी गाउँपालिकाको विद्युतको लाइन काटेको हो । सोमबार मध्यान्ह १२ बजेदेखि मंगलबार १२ बजेसम्म विद्युत काटिएको गाउँपालिकाको योजना शाखा प्रमुख प्रकाश न्यौपानेले जानकारी दिए । उनले विद्युत महशुल तिरेपछि मंगलबार दिउँसोबट लाइन आएको जानकारी दिए । 'एक्कासी लाइन गएपछि के समस्या भयो भनेर सोधीखोजी गरियो । तर, सोमबार अपरान्हतिर प्राधिकरणले लाइन काटेको जानकारी पायौं । खबर नै नगरी काटिएको थियो । मंगलबार महुशल तिरेपछि लाइन आइसकेको छ ।', न्यौपानेले भने ।

मकवानपुरगढी गाउँपालिका कार्यालयमा विद्युत सेवा अवरुद्ध हुँदा पालिकाबाट प्रवाह हुने अधिकांश सेवा अवरुद्ध हुँदै आएको छ । विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रले एक सूचना जारी गरी मकवानपुरगढी गाउँपालिकाले १ लाख ९९ हजार ८२६ रुपैयाँ २४ पैसा बक्यौता तिर्न बाँकी देखाएकोले गढी गाउँपालिका सहितका एक सय ग्राहकको लाइन काटिदिएको जनाएको छ ।


## शिक्षक आवश्यकता

उपरोक्त सम्बन्धमा यस विद्यालयमा नि.मा.वि. अंग्रेजी विषय राहत कोटा शिक्षक संख्या एक रिक्त रहेकोले सो कोटामा शिक्षक पदपूर्ति गर्न शिक्षा विकास तथा समन्वय ईकाइ मकवानपुर को च.न. १६०५ मिति २०८०।०३।०६ को अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८०।०३।०९ को निर्णयानुसार उक्त पदमा शिक्षक नियुक्ति गर्न प्रकाशित विज्ञापनमा दरखास्त पर्न आएका उम्मेदवार हरुको शिक्षक छनौट समितिवाट मिति २०८०।०५।०४ गते भीमफेदी गाउपालिका भीमफेदीमा लिइएको परिक्षामा कुनै पनि उम्मेदवार सफल हुन नसकेको हुँदा मिति २०८०।०५।०५ को वि.व्य.स.को निर्णयानुसार मिति २०८०।०५।०६ गतेबाट लागु हुने गरी निम्न योग्यता भएका ईच्छुक उम्मेदवारहरुबाट दरखास्त आवहानको लागि पुन: यो विज्ञापन प्रकाशित गरिएको छ ।

**तपसिल**

(१) विज्ञापन नं.- १ आ. वर्ष २०८०ज्ञ०८१
(२) पद संख्या - १
(३) योग्यता-मुल विषय अंग्रेजी लिइ आई.एड. वा +२ उतीर्ण गरेको ।
(४) छनौट प्रक्रिया- लिखित, मौखिक अन्तरवार्ता र आवश्यकता अनुसार प्रयोगात्मक समेत ।
(५) परीक्षा दस्तुर - रु. १,००० मात्र । विद्यालय नगदी रसिद मार्फत
(६) निवेदन दिने अन्तिम मिति-२०८० भाद्र १२ गते ४ बजे सम्म ।
(७) सम्पर्क मिति - २०८० भाद्र १३ गते ।
(८) उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
(९) परीक्षा मिति - सम्पर्क मितिको दिन प्रकाशित गरिने छ ।

**निवेदन संग संलग्न कागजातहरू**

(क) हस्त लिखित निवेदन १ प्रति ।
(ख) योग्यताको प्रमाणित प्रतिलिपि प्रति ।
(ग) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी २ प्रति ।
(घ) शिक्षक अध्यापन अनुमति पत्र प्रमाणि प्रतिलिपि प्रति

**श्री बासुकी आधारभूत विद्यालय**
भीमफेदी गा.पा.-९, मकवानपुर
सम्पर्क मो. ९८५५०७१५६३, ९८५५०७७६


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना